# अध्याय : एक

## परिचय

### १.१ पृष्ठभूमि

नेपाल एक बहुजाति, बहुभाषिक तथा बहुसाँस्कृतिक मुलुक हो । त्यसैले नेपाललाई विश्व भित्रको एउटा सानो विश्व पनि भनिन्छ । नेपाल विश्वको सम्पुर्ण भु-भागमध्ये ०.०३ र एसियाको ०.३ प्रतिशत भाग ओगट्न सफल भएको छ । यस मुलुकको भौगोलिक, सामाजिक र साँस्कृतिक विशेषता भने आफ्नै किसिमको छ । बहुजातीय परम्परा आधुनिक नेपालको जातीय स्वरूप हो (केन्द्रीय तथ्याङ्क विभाग, २००३) ।

नेपाली शब्दकोष अनुसार "जाति भनेको जातियताको आधारमा गरिने भेदभाव र विभिन्न जातिहरूको एक जातिले अर्को जातिलाई होच्याउने प्रकृति हो ।" जाति प्रथा भनेको प्रजातिहरूमा अथवा जन्मगत भेदको आधारमा बनेको एउटा ब्यवस्था हो ( बराल, २०५०) ।

दलित शब्दको उत्पत्ति संस्कृत भाषाको "दल" धातुबाट भएको हो । जसको अर्थ फुटाउनु टुक्रा-टुक्रा पार्नु र कुल्चनु हुन्छ (सिंह १९९३) दलित शब्द १९ औं शताब्दीको सुधारबादी आन्दोलनको उपज हो । "दलित" शब्दको शाब्दिक अर्थ फुटाएको, दलिएको, दमन गरिएको, थिचिएको, कुल्चिएको दलित जाति भन्नाले थिचिएका, पिल्सिएका सम्पुर्ण जातीय समुदायलाई बुझाएतापनि समयमा अछुत जातीय समुदायलाई मात्र चिनाउन यस शब्दको प्रयोग गरिएको छ (किसान, २०५८) ।

हिन्दु वर्णाश्रम जाति ब्यवस्था वि.स. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोई छिटो हाल्नु पर्ने  जातजाति भनी जातीय भेदभाव एवम् समाजमा अछुत मानिसहरुका र सामाजिक, आर्थिक, राजनीतिक तथा धार्मिक रुपमा राज्यको मुल

प्रवाहबाट पछाडि पारिएका जातजातिका समुदायहरुलाई दलित बर्ग भनी परिभाषित गरिएको छ (नेपाल सरकार राष्ट्रिय दलित आयोग www.ndc.gov.np) .

मुसा मार्ने र मुसा खान भनेपछि हुरूक्कै हुन्छन् मुसहर जातिहरू । त्यसैले पनि यिनीहरू मुसहर भनिएका हुन तर उनीहरू यो कुरालाई स्वीकार्न चाँहदैनन । उनीहरूले त आफुलाई बाल्मीकि ऋषिका सन्तान भन्दछन् । मुसहरहरू ईन्डोआर्यन ग्रुपका जाति हुन र इन्डोआर्यन भाषा नै बोल्छन् । अर्थात उनीहरू तराई मुलका जाति भएकोले भोजपुरी, हिन्दी, मैथिली र अलि अलि ऊर्दु समेत बोल्दछन् । यिनीहरूले लगाउने पोशाकमा पुरूषहरू धोतीकुर्ता, सुरूवाल र महिलाले फरियाचोली लगाउँछन् । फरिया मात्र लगाउदा छातीसम्म छोप्ने गरी लगाउदछन् (पाण्डेय २०६३) ।

मुसहर जातिका थरहरुमा सदार, ऋषिदेव, हेमराम, भदरी, माझी, त्रिरुहुतिया, मदैया, ढोकबाजा, कहरिया, रिखकुल, तिरासक (नेपाल सरकार राष्ट्रिय दलित आयोग www.ndc.gov.np)

मुसहर जातिको सबैभन्दा बढी घनत्व भएको जिल्ला सिरहा हो । जहाँ ४० हजार मुसहरहरूको बसोबास छ । यिनीहरू सिरहा, धनुषा तथा तराईका बिभिन्न ग्रामीण क्षेत्रहरूमा छरिएर रहेका छन् । यो जातिमा पर्दाप्रथा ब्यापक छ । बुहारीले जेठाजु र ससुरालाई मुख देखाउनु हुँदैन । उनीहरूलाई बोलाँउदा पनि तेश्रो ब्यक्तिको सहयोग लिन्छन् । यिनीहरू ३३ % भुमिहिन छन् । त्यसैले यिनीहरूले अर्काको मजदुरी गरेर रिक्सा चलाएर जङ्गलमा दाउरा काट्ने, माटो काटने सम्याउने काम गरेर आफ्नो जीवन गुजारा गर्दछन् । (पाण्डेय, २०६३)

वि.स. २०६८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २६४९४५०४ मध्ये ३०,३०,०६७ दलित जनसंख्या रहेको छ । (जनगणना २०६८)

नेपालमा आज दलित समाजबाट पाउने बिबिध सुबिधाबाट वञ्चित रहेका छन् । जसको कारण सामाजिक भेदभाव र गरिवी रहेको छ । त्यसकारणले दलितहरूलाई राज्यले समानुपातिक प्रक्रियाबाट अगाडि बढाई विकासको मुलधारमा

ल्याउन सकेमा न्याय हुने थियो । यस क्रममा नेपाल अधिराज्यको अन्तरिम संबिधान २०६३ मा सबै जातजाति, वर्ग, लिङ्ग तथा समुदायका ब्यक्तिहरूले समान रूपले मानव अधिकारको प्रयोग गर्न पाउने प्रावधानको ब्यवस्था भयो । साथै सोही संबिधानले जातिपातिका आधारमा छुवाछुतको ब्यवस्था मिलाइयो । (भाग, ३ मौलिक हक १४:१)

नेपालको अन्तरिम संबिधान २०६३ ले छुवाछुत बिरूद्धको मौलिक हक ब्यवस्था गरी सबै प्रकारका बिभेद हटाई दलितहरूको समग्र स्थितीमा सुधार नल्याई देशको स्थितीमा सुधार आउदैन भन्ने कुरामा आम सहमति देखाउनु र दलित समुदायलाई सामाकिज बञ्चितीकरणमा परेको समुदायको रूपमा स्वीकार गर्नु राज्यले गरेको प्रमुख सकारात्मक विभेदको रूपमा लिन सकिन्छ (नेपालको अन्तरिम संबिधान, २०६३) ।

विश्वमा नै छुवाछुत गोराकाला जस्ता वर्णव्यवस्थाको उपज मानवताको कलंकका रूपमा मानिन्छ । ऋग्वेद अनुसार विराट पुरूष (जसलाई कसैले ब्रम्हा पनि भन्ने गर्दछन्) को मुखबाट ब्राम्हण, हात क्षेत्री, जाघ वैश्य, खुट्टा शुद्र भएको पाइन्छ । अछुत भन्ने जातहरू शुद्रमा गन्ती छन् । त्यस बखत ४ वर्ण बाहेक छुवाछुत प्रथा कतै भएको पाइदैन । आखिर जुनसुकै शताब्दीको युग भए पनि मानिस आखिर मानिस नै हुन् । प्रेम, यौन सम्बन्धका कारण अनेकौं नयाँ वणानुक्रम जन्मन पुगेको देखिन्छ । जस्तै ब्राम्हणले वैश्य कन्यासँग सम्पर्क गरी जन्मिएको सन्तान “आम्बष्ठ” ब्राम्हणले शुद्र कन्यासँग सम्पर्क गरी जन्मिएको सन्तान “निषद या पारवश”, क्षेत्रीले ब्राम्हण र शुद्र कन्यासँग सम्पर्क गरी जन्मिएको सन्तानलाई “सुत”, वैश्यले क्षेत्री कन्यासँग सम्पर्क गरी जन्मिएको सन्तानलाई क्षता, शुद्रले ब्राम्हण कन्या कन्यासँग सम्पर्क गरी जन्मिएको सन्तानलाई ‘चाण्डाल’ भनिन्छ । अतः सबभन्दा पहिले शुद्रले ब्राम्हण, क्षेत्री र वैश्य कन्याबाट जन्मिएका सन्तानहरू “आयोगव”, “क्षत्ता”, “चाण्डाल” आदिलाई हिनजाति भनेर समाजबाट बहिष्कार गरी “अछुत जातका” मानिस हुन भनेर भन्न थालियो (किसान, २००५) । यही कालदेखि छुत अछुतको जन्म भएको देखिन्छ । हजारौं वर्षदेखि यी अछुत जात भित्र परेका मानिसहरूले ठूलो सामाजिक, भेदभाव, घृणा, अपमान र मानसिक उत्पीडन सहनु परेको छ । वेद, महाभारत, रामायणकालदेखि नै

कहीँ न कहीँ उत्पीडित जातिको अस्तित्व, उल्लेख भएको पाइन्छ । वैदिककालमा उत्पीडित जातिलाई चिनाउन शुद्र भनिन्थ्यो । उत्पीडित जातीको अस्तित्वको पहिचान हिन्दु ग्रन्थहरूले दिँदै आए पनि मनुस्मृतिले छुत र अछुतमा विभाजन गरेको देखिन्छ ।

हिन्दु धर्म भनेको व्यवस्थामा आधारित छ । आफ्ना सहधर्मीहरूलाई शुद्र तथा अछुत वा दलित बनाइएको जस्तो व्यवस्था अन्य धर्ममा देखिदैन । छुत, अछुत हिन्दु धर्मको उपज हो भनी मान्नु पर्दछ । त्यसैले छुवाछुत प्रथाको विरोध गर्नु पर्दा हिन्दु धर्मकै विरोध गर्ने गरेका छन् । नेपालमा छुवाछुत प्रथा भारतबाट भित्रिएको हो भनिन्छ । इ.पू. १८५ तिर आचार्य मनुले मनुस्मृतिको रचना गरेको अनुमान गरिन्छ । मनुस्मृतिमा शुद्र जाति माथि दमनात्मक व्यवस्था लागु गरियो र त्यस बखत भएका भेदभावका कारण माथिल्लो जात र तल्लो जात, छुत अछुतको जन्म भएको अनुमान गरिन्छ (पाण्डे, २००७) ।

नेपालमा इ.सं. २०० देखि ८७९ सम्म लिच्छवीहरूको शासन गरेका देखिने र सोही अवधिमा वर्णाश्रम व्यवस्थाले जरो गाडी सकेको इतिहासले देखाउँछ । मल्ल राजाहरूले छुवाछुत प्रथालाई मलजल गरे हुर्काए (इ.सं. १३८० देखि १३९४ सम्म लेखिएका हस्तलिखित ग्रन्थलाई आधार मानी विद्वान ब्राम्हणहरू भिकाई उनीहरू मार्फत धर्म, नीतिशास्त्र तयार गराई सो अनुसार धर्मोदेश गरी राज्य शासन सुधार गर्ने नाममा राजा जयस्थिति मल्लले चार जात छत्तिस वर्ण कायम गरी उचनिच, छुवाछुत र भेदभावको व्यवस्था लागु गरे (पूर्ववत-सन् २००७) यस व्यवस्थाको उलङ्घन गर्ने व्यक्तिलाई कडा दण्ड सजायको व्यवस्था समेत गरियो । जाति, पेसा, लवाई/खवाई लगायत विभिन्न क्रियाकलापको व्याख्या गरी समाजमा सुसुप्तावस्थामा रहेको छुवाछुत प्रथालाई जागृत तुल्याउँदै तल्लो वर्गका मानिसहरूलाई पशु तुल्य बनाए । त्यस्तै रामशाहले शासन व्यवस्थामा नैतिकता, सदाचार र सामाजिक रीतिरिवाज जस्ता कुरामा छुवाछुत प्रथालाई जीवन्त दिँदै जातीय उच्चतालाई प्राथमिकता दिए । राणा शासनकालमा जङ्गबहादुरले राजा सुरेन्द्र वीर विक्रम मार्फत वि.सं. १९१० मा नयाँ मुलकी ऐन बनाई छुवाछुत प्रथालाई कानुनी मान्यता दिएर छुवाछुत व्यवस्थालाई अझ

जटिल बनाई दिएको देखिन्छ (www.ndc.gov.np/background) । राणा प्रधानमन्त्री पदम शम्शेरका पालामा दमाई, कामी र सार्की जातिका मान्छेले छुवाछुत प्रथाबाट मुक्त गरियोस् भनी विन्तिपत्र चढाउँदा पहिलो तिमीहरू एक आपसमा सहभोज गर अनि म हेरूला भनेछन् । प्रधानमन्त्रीको यो आदेश सुनेपछि विन्तिपत्रवाला त्यहाँबाट भागे भनिन्छ (पाण्डे, सन् २००७:७१) । २००७ सालमा प्रजातन्त्र आए पश्चात् लागु भएको अन्तरिम शासन विधान २००७ मा "कानुनका दृष्टिमा सबै समान रहने र धर्म र जातका आधारमा कसै माथि कुनै भेदभाव नगरिने" व्यवस्था गरियो । वि.सं. २०१५ सालमा तयार भएको नेपाल अधिराज्यको संविधानमा "कुनै पनि नागरिकलाई जातका आधारमा भेदभाव नगरिने, जाति जाति बीच कसैले पनि घृणा र द्वेष फैलाउन नहुने सरकारी सेवाको नियुक्तिमा कसैलाई भेदभाव नगरिने" जस्ता प्रावधानले छुवाछुत विरुद्ध नयाँ फड्को मारेको देखिन्छ । पञ्चायत काल २०१७ साल पौष १ गते राजा महेन्द्रले प्रजातान्त्रिक व्यवस्थालाई अपदस्त गरी आफ्नो अनुकूलको व्यवस्था भित्र्याए पश्चात वि.सं. २०१९ सालमा नयाँ संविधान निर्माण गरियो । त्यस संविधानमा समानताको हक शीर्षक अन्तर्गत

(१) सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग वा जातजाति वा ती मध्ये कुनै कुराको आधारमा कसैमाथि कुनै कुराको भेदभाव हुने छैन ।

(२) सरकारी सेवा वा अन्य कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि नागरिक माथि केवल धर्म, वर्ण, लिङ्ग, जातजाति वा ती मध्ये कुनै कुराका आधारमा भेदभाव हुने छैन" भनेर लेखियो र जङ्गबहादुर राणाकालीन मुलुकी ऐनमा छुवाछुत सम्बन्धी प्रावधान मुलुकी ऐन २०२० लागु गरी हटाइयो (पाण्डे सन् २००७:७२) । तर त्यहाँनिर दलितहरू माथि भेदभाव गर्ने व्यक्ति वा समाजलाई कस्तो सजाय दिने भन्ने प्रावधान राखिएको देखिएन । त्यहाँ दलितहरूलाई झुक्याइएको देखिन्छ । वि.स. २०४६ सालको जनआन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य भई प्रजातन्त्र आयो । वि.सं. २०४७ सालमा बनेको संविधान

"सबै नागरिक कुननको दृष्टिमा समान हुने, कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने, समाज कानुनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जातजाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराका आधारमा भेदभाव नगरिने, कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछुतको भेदभाव नगरिने कानुन बमोजिम दण्डनीय हुनेछ" भन्ने प्रावधान राखियो । आन्तरिम संविधान २०६३ मा छुवाछुत, जातीय भेदभाव विरुद्धको हक धारा १४ समानताको हक धारा १३, सामाजिक न्यायको हक धारा २१ रोजगारी तथा सामाजिक सुरक्षाको हक धारा १८, शोषण विरुद्धको हक धारा २९, राज्यका निर्देशक सिद्धान्त धारा २४ ले विभिन्न जातजातिका हक अधिकारले संरक्षण र अधिकारको प्रत्याभूति गरी जातीय विभेदको अन्त्य हुन गई कानुनी अधिकार सुनिश्चित र संरक्षण गरेको देखिन्छ (नेपालको संविधान २०६३) । तत् पश्चात् दलितहरूको हक, अधिकार, संरक्षण गर्न धारा १५४ ले दलित आयोगको गठन गरेको देखिन्छ, त्यस्तै, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २१ डिसेम्बर १९६५ यातना तथा अन्य कसुर अपमानजनक व्यवहार विरुद्धको महासन्धि १० डिसेम्बर १९८४ जस्ता महासन्धि विश्वका धेरै जसो मुलुकको अभिभावकत्व प्रदत्त संयुक्त राष्ट्र संघले पारित गरी नेपालमा समेत लागु भइरहेको अवस्था छ (अर्याल, ताम्राकार) ।

समय परिवर्तन सँगसँगै नेपालमा आएको परिवर्तनबाट दलितहरूको हकहितमा संविधान, कानुन बनेर विभिन्न अदालतबाट छुवाछुत भेदभाव गर्ने व्यक्तिहरूलाई उजुरीका आधारमा दण्ड सजाय समेत हुने गरेको छ । तर पनि दलितहरू माथि विभेद र छुवाछुतको अन्त्य हुन सकिरहेको छैन । अझै पनि मन्दिर प्रवेश, पूजा गर्ने तथा माथिल्ला जातिबाट दलितहरूले गरिने पूजा, कर्म काण्डमा समावेश भई सहकार्य गर्दैनन् ।

नेपालमा विभिन्न जातजाति मध्ये कूल जनसङ्ख्याको १३% दलित रहेका छन् । धेरै ठाउँ छरिएर रहेका दलितहरू पहाडी र मधेसी मुख्य २ समूहमा विभाजित छन् ।

ती दलित भित्र पनि तल्ला र उपल्ला जातका दलित छन् (केन्द्रीय तथ्याङ्क विभाग २०६८) ।

नेपालले मानवअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू तथा संयुक्त राष्ट्र संघ वडापत्र र त्यहाँबाट हुने/गरिने प्रतिज्ञापत्र महासन्धि/घोषणापत्रहरू मान्दै आएको छ र लागु समेत गरेको देखिन्छ । जस्तै राष्ट्रिय मानवअधिकार आयोग नियमावली वि.सं. २०५७, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि इ.सं. १९६५, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र इ.सं. ९६६, यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि इ.सं. १९८४, अन्तर्राष्ट्रिय मानवीय कानुन जनेभा महासन्धि इ.सं. १९४९ मानवअधिकारको विश्वव्यापी घोषण पत्र इ.सं. १९४८, दक्षिण अफ्रिकाको डर्वानमा र सेप्टेम्बर २००१ मा अनुमोदित घोषणा आदि कार्यान्वयनको पालना गरी ऐन कानुन समेत तर्जुमा तथा संशोधन गरेको देखिन्छ (मानवअधिकारः ठूला ६ महासन्धि) ।

### १.१.१ **दलितको परिभाषा**

'दलित जाति' भन्नाले सामाजिक व्यवस्था र मान्यताले गर्दा तल्लो वा पछिल्लो मानिएको जाति समूह, दलित वर्ग दलित मानिएको जनसमुदाय दलितजाति (नेपाली शब्द सागर) साधारणतय सामाजीकरणमा अपहेलित अशुद्ध भनेर सर्म्पक नगरिने पानी बार्ने जातिलाई दलित भनि परिभाषित गरेको देखिन्छ ।

'दलित समुदाय' भन्नाले जातीय भेदभाव र छुवाछुतको मारमा परी सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक एवं धार्मिक क्षेत्रमा समाजको सबैभन्दा पछाडि पारिएको र मानवीय सम्मान एवं सामाजिक न्याय पाउन नसकेको जात समूहलाई जनाउँद छ (पाण्डे, २०६४) ।

"उपेक्षित उत्पीडित दलित वर्ग" भन्नाले परम्परागत रूपमा व्यवसाय सञ्चालन गरी जिविकोपार्जन गरिरहेका आर्थिक, सामाजिक वा अन्य कुनै पनि कारणले

उपेक्षित, उत्पीडित र दलित हुन पुगेका नेपाल सरकारले समय/समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको जाति वा वर्गलाई सम्झनु पर्दछ (उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति गठन आदेश २०५४) ।

### १.१.२ दलितहरूको वर्गीकरण

दलितहरू पेशामा आधारित जाति हुन् तर सबै दलितहरूका एकै प्रकारको पेसा पाइदैन । सबै दलितका बेग्लाबेग्लै पेसा छन् । त्यसैले दलितहरूको वर्गीकरण गर्दा पेसागत आधारमा वर्गीकरण गरेर हेर्नुपर्ने हुन्छ । उदाहरणका लागि हुडके, परियार, ढोली, कुसले, दमाई-लुगा सिलाउने, बाजा बजाउने पेसा भएका कडारा, मिजार, टमटा, कामी, सुनार, लोहार धातुका भाडा, गहना, हातहतियार बनाउने ।

सार्की चमार - छालाको काम गर्ने, जुत्ता सिलाउने, सिनो फाल्ने

गाइने - गीत, करखा गाउँदै हिँड्ने

वादी - नाच्ने, बाद्ययन्त्र बजाउने, मरेका पशुको छाला काट्ने, मादलमा खरी लगाउने आदि ।

धोबी - लुगा धुने, मसानघाटको छेऊछाउमा बस्ने

पोडे, च्यामे - सरसफाईको काम गर्ने

कसाई - मासुको व्यवसाय गर्ने

दुसाध, पासवान, डोम - लास गाड्ने, डालो, ढकीया, नाङ्लो बनाउने, सफाई गर्ने

मेहत्तर हलखोर - चर्पी सफा गर्ने, लास गाढ्ने

खतवे, तप्मा, मुसहर, भूल - कृषि मजदुरी गर्ने, मुसा मार्ने, मुसा खाने, खेदखलिहानमा काम गर्ने

ऋग्वेदमा पनि व्यवसायका आधारमा जातिवादको वर्गीकरण यसरी गरिएको छ - नाऊ वा हजामले दाह्री, केश काट्ने काम गर्नु कुमारे (कामी) ले फलामको काम गर्नु, चर्मकार (सार्की) ले छालाको काम गर्नु, भिषक (बैद्य) ले औषधिमूलो गर्नु, कुलाल (कुम्माल) ले माटाका भाडा बनाउने काम गर्नु, सिकर्मी (बढई) ले काठको काम गर्नु रज्जुसर्गले डोरी बाट्ने काम गर्नु, ज्याकारहरूले तार्दा बनाउने काम गर्नु, शिकारी कुकुर पाल्नेलाई श्वमी भन्नु, मणिको काम गर्नेलाई मणिकार भन्नु, शिकार गर्नेलाई मृगय भन्नु, रक्सी बनाउनेलाई सुराकार भन्नु फलाम ताँदो गराउनेलाई अयस्ताप भन्नु, त्यसैगरी खातीलाई रथकार, सिकर्मी बढईलाई त्वष्टा, रथनिर्मातालाई तष्टा, जुवा खेलाउनेलाई कितव, व्याधालाई पुञ्जिष्ठ, ब्राम्हणलाई शुद्ध तथा पुरोहितलाई पण्डित भनिएको छ ।

जातीय हिसाबले वर्गीकरण गर्नु पर्दा दलितलाई ३ भागमा वर्गीकरण गर्न सकिन्छ

(१) पहाडी दलित - दमाई, कामी, सार्की, गाइने, सुनार गरी जम्मा ६

(२) तराईबासी दलित - पासवान, लोहार, डोम, चमार, हलखोर, दुसाध, मुसहर, सन्थाल, बातर, खत्वे, तत्मा गरी जम्मा ११

(३) जनजातीय दलित - कसाई, पोडे, कुसले, च्यामे, कुचे (कुलु)

भाषिक हिसाबले वर्गीकरण गर्नुपर्दा यिनीहरूलाई नेपाल भाषी र मैथली, भोजपुरी, अवधि भाषी गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ । पहाडी दलितहरूको मातृभाषा नेपाली हो । तराईबासी दलितहरूको मातृभाषा भोजपुरी, मैथली र अवधि हो भने जनजातीय दलितहरूको मातृभाषा नेपाल भाषा (नेवारी) हो (पाण्डे, २०६४) ।

### १.१.३ **दलितसँग गरिने भेदभाव**

नेपाली समाजमा रहेको जातीय भेदभाव र छुवाछुत मूलतः एसियाकै सबैभन्दा संवेदनशील र प्रमुख समस्याको रूपमा रहेको छ । यो समस्या विशेषतः नेपाल र

भारतमा भेटिन्छ । आज समयले २१ औं शताब्दीमा प्रवेश गरिसक्दा पनि नेपाल लगायत विश्वका अन्य मुलुकमा यो कुरीतिले मानव अधिकारको प्रत्याभूति गराउन सकिरहेको छैन । जसले गर्दा हाम्रो नेपाली परम्पराको सिर्जना गरेको जातीय भेदभाव र छुवाछुतले यहाँका दलित समुदाय पिल्सिएका छन् ।

नेपालको सन्दर्भमा विगत शताब्दीदेखि नै नेपाली समाजमा विद्यमान जातीय भेदभाव र बहिष्कारले जरो गाडीरहेको छ । नेपालमा रहेको परम्परागत र पुरातनवादी सामाजिक प्रणालीले नेपाली समाजमा जातीय भेदभाव र छुवाछुतको प्रथा कायम राख्न मद्दत पुऱ्याइएको छ । समाजको जातीय प्रणाली मुनी दलित समुदायले विभिन्न किसिमका भेदभावपूर्ण व्यवहार सहनु परेको छ । जस्तै : सार्वजनिक सुविधाबाट प्रतिवन्धित हुनुपर्ने, आर्थिक तथा शैक्षिक अवसरबाट वञ्चित हुनुपर्ने र समाजबाट छि, छि र दुर दुर भई उपेक्षित हुनुपर्ने ।

राज्यको अवस्थाको अस्थिरताले गर्दा नेपालमा दलित समुदायलाई वर्गीकृत गर्न नसकेको अवस्था छ भने अर्को तर्फ दलितहरूको एक आपसमा विभेदकारी नीति कायमै छ । वि.सं. २०६८ सालको जनगणना अनुसार नेपालको जनसङ्ख्या २६४९४५०४ मा जसमा पुरुष १२८४९४१ छ प्रतिशतमा ४८.५० जसमा महिला १३६४५४५३ प्रतिशतमा ५१.५ रहेको छ । जसमा कामीहरूको जनसङ्ख्या ३०.५७% रहेको छ । यो दलित जनसङ्ख्या भित्र पर्ने सबैभन्दा बढी जनसङ्ख्या हो । मधेसी दलित, हल्खार सबैभन्दा सानो समूह हुन आउँछ जुन ०.१४% रहेको छ (के.त.वि. २०६८) ।

दलितहरू अझै पनि जातीय परिचयको लागि सङ्घर्ष गरिरहेको छन् । उनीहरूका लागि जातीय परिचय एउटा महत्वपूर्ण सामाजिक चिनारी बनेर रहेको छ । जातलाई तटस्थीकरण शक्ति हुँदाहुँदै पनि दलितहरूको सामाजिक तथा आर्थिक जीवनमा खासै परिवर्तन आउन सकेको छैन । उनीहरूले अझै पनि समाजमा विद्यमान जातमा आधारित भेदभावको पीडाबोध गरिरहको छन् । प्रवेश निषेध, सेवा निषेध,

साझा साधन र स्रोतमा सहभागिता निषेध, अन्तरजातिय विवाहको सामाजिक बहिष्कार, छुवाछुत जस्ता व्यवहार समाजमा विद्यमान नै रहेका छन् ।

कतिपय अवस्थामा दलितहरू पनि तल्लो र माथिल्लो जातमा विभाजित भएर पीडक र पीडित दुवै बन्दछन् । तल्लो जातका दलितहरूले धेरै नै बाधा तथा अवरोधको सामाना गर्नु परेको अवस्था छ । संरचनात्मक दृष्टिले हेर्दा उनीहरू सधैँ नै पीडित देखिन्छ । माथिल्लो जातको भेदभाव, गरिबी शिक्षाको अभाव, बेरोजगारी, सामाजिक तथा राजनीतिक हस्तक्षेपकारी कार्यक्रमको अभावले न्यून आर्थिक स्थिति पैदा हुँदा उनीहरूको जातीय स्थिति झनै कमजोर बन्न पुगेको छ (इ.कान्तिपुर डट कम) । जातीय भेदभावले जरो गाडेको यस मुलुकमा दलितहरूको पक्षमा बोली दिने व्यक्ति कोही छैनन् त्यसैले यदाकदा पनि त्यो आवाज दबिएर नै रहन्छ । दलितहरू थुप्रै क्षेत्रबाट अपहेलित भएका छन् । धार्मिक, सामाजिक, आर्थिक र राजीतिक क्षेत्रबाट भेदभावपूर्ण व्यवहार परम्परागत रूपमा निर्धारण भएर सामाजिक रूपमा लागु गरिएका छन् । प्रजातन्त्रको पूर्णबहाली पछि नेपालको अन्तरिम संविधानले छुवाछुत मुक्त धर्म निरपेक्ष राज्यमा, घोषित गरी छुवाछुत प्रथा महान परिवर्तन हो । तर 'छुवाछुत मुक्त राज्य' घोषित गरिए तापनि दलितहरूका समस्या र छुवाछुत व्यवहार निर्मुल नै भयो भन्न सकिदैन । दलितहरू अझसम्म पनि विभिन्न क्षेत्रमा पीडित बन्नु परेको छ, जुन निम्न प्रकार छन्:

(१) **सामाजिक क्षेत्रमा भेदभाव**

दलितहरूले सबैभन्दा धेरै भेदभावपूर्ण व्यवहार सामाजिक क्षेत्रबाट नै सहनु परेको छ । उनीहरू समाजमा उपल्ला जातिहरूबाट सधैँ विभेदका दृष्टिले हेरिहन्छन् । उनीहरू आफ्नै दलित भनिने उपल्ला जातिहरूबाट सधैँ घृणाका दृष्टिले हेरिरहेका छन् । उनीहरू उपल्ला जाति छुन नहुने, उनीहरूको घरमा प्रवेश गर्न नहुने, कुवा, धारा, पानी तथा मन्दिर प्रवेश गर्न नहुने जस्ता सामाजिक विभेदका शिकार बनेका छन् । दलितहरू घरमा आए भने आँगनको छेऊमा बस्नु पर्ने जस्ता व्यवहारले

दलितहरू समाजमा कति पछाडी परेका छन् भन्ने कुरा प्रष्ट हुन्छ । उपल्ला जातिहरूबाट समाजमा जहिले पनि अपहेलित भइरहेका छन् ।

(२) **आर्थिक क्षेत्रमा भेदभाव**

दलितहरूको सामाजिक क्षेत्र जस्तै आर्थिक क्षेत्रमा पनि पीडित बनेका छन् । दलितहरूले आफ्नो बाजे बराजुले परम्परागत रूपमा चलाएको पेसालाई नै निरन्तरता दिनु पर्ने बाध्यता रहेको छ । दलितले आफ्नो पेसा बाहेकका पेसा गर्दा समाजमा विरोध उठ्ने गरेको पाइन्छ । दलितहरूले रेष्टुरेन्ट खोलेर बस्दा त्यो रेष्टुरेन्ट दलितको भनी थाहा पाए भने त्यहाँ खान आउँदैनन् । नेपालमा अधिकांश दलितहरू भूमिहीन छन् भने उपल्ला जातिहरु दलितहरूलाई खनजोत गर्न लगाउँछन् । न्यून ज्याला दिन्छन् । त्यहाँ पनि छुवाछुतकै प्रश्न उठ्छ ।

(३) **धार्मिक क्षेत्रमा भेदभाव**

दलितहरू धार्मिक क्षेत्रमा धेरै भेदभावपूर्ण व्यवहार भएको पाइन्छ । उनीहरू हिन्दुधर्म भएर पनि हिन्दुका मन्दिरमा प्रवेश गर्न पाउँदैनन् । धार्मिक उपदेश सुन्न पाउँदैनन् । उनीहरूको शवयात्रामा शंख बचाउन दिइदैन । उनीहरूलाई उपल्ला जातिका केटा वा केटीसँग विवाहवारी चलाउन दिइदैन । यदि चलाइयो भने सजायको भागीदार बन्नु पर्छ र सामाजिक बहिष्कारको शिकार बनाइन्छ ।

(४) **राजनीतिक क्षेत्रमा**

दलितहरूले राजनीतिक क्षेत्रमा जति अधिकार पाउनु पर्ने हो त्यो अधिकार पाएका छैनन् । उनीहरूलाई साधारण नागरिकका रूपमा जुन अधिकार दिइनु पर्‍थ्यो त्यो अझै दिइएको छैन । राजनीतिमा लागेका दलितहरूलाई उम्मेदवार बनाउन आनाकानी गरिन्छ । उम्मेदवार बनाइहाले पनि यदि त्यो उम्मेदवार घर आएको खण्डमा उसले चिया तथा पानी खाने गिलास छुट्टै हुन्छ । कतिपय दलितहरू परिचय पत्र र नागरिकता नभएकोले भोट दिने अधिकारबाट वञ्चित छन् ।

छुवाछुत र भेदभाव विरुद्धको सङ्घर्ष दलित र गैरदलित बीच मात्र होइन दलित दलित बीच पनि रहेको छ । दलित भित्र नै श्रेणीगत भेदभाव रहेको छ । दलित र गैरदलित बीचको सङ्घर्षका कुरा हामीले धेरै सुनेका पनि छौं । तर दलित दलित बीचको सङ्घर्ष, भेदभाव, छुवाछुतका घटना छिटपुट रूपमा देख्न तथा सुन्न पाइन्छ । यस्तै उदाहरण यहाँ प्रस्तुत  गरिएको छ :

रूकुम कर्णाली सेरावडा टोलका तीन जातिले आ-आफ्नो लागि बेग्ला बेग्लै कुवाको पानी प्रयोग गर्दै आएका छन् । ती कुवा एकै ठाउँमा भए पनि दमाई, कामी र माझी समुदायको छुट्टाछुट्टै छ । यस टोलमा रहेको तीन कुवा मध्ये सबैभन्दा सानो दमाईको, मध्यम खालको कामीको र ठूलो कुवा माझी समुदायले प्रयोग गर्दै आएका छन् । सामुदायिक खानेपानी तथा सरसफाईको आयोजना सञ्चालन भएपछि कुवाको पानी प्रयोग गर्नेमा कमी आए तापनि छुवाछुत भने कमी आउन सकेको छैन । “जातीय छुवाछुत अन्त्य हुन नसक्दा भिन्नाभिन्नै कुरा प्रयोग गर्न छाडिएको छैन, भने चलन हट्न अझै कैयौं वर्ष लाग्दछ” (कान्तिपुर साउन ३ गते पृष्ठ ४) । यो एक उदाहरण मात्र हो ।

माथिका उदाहरणबाट थाहा हुन्छ कि दलित र गैरदलित बीच मात्र होइन दलित दलित बीच पनि छुवाछुत र भेदभावपूर्ण व्यवहार विद्यमान रहेको छ । जातीय छुवाछुत र भेदभावका वाधन गैरदलित नभई दलित स्वयम् दलितहरू नै पनि हुन् । उनीहरू आफ्नै कारणले अझ पछाडि धकेलिदै छन् ।

### १.१.४ सकारात्मक विभेदको परिचय

सकारात्मक विभेद एउटा नीति हो, जसले दलित, महिला, पिछडिएका वर्ग, आदिवासी जनजाति तथा अल्पसंख्यक रूपमा रहेका समुदायको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक तथा मनोवैज्ञानिक पक्षमा प्रगति गर्न महत्वपूर्ण भूमिका राख्दछ । सकारात्मक विभेद त्यो नीति तथा कार्यक्रम हो जसले समाजमा अल्पसंख्यक पिछडिएका वर्ग समुदायहरूलाई शिक्षा, रोजगारको समान अवसर प्रदान गरी

परम्परागत रूपमा रहेको सामाजिक भेदभावलाई निवारण गर्न मद्दत गर्दछ । सकारात्मक विभेद यस्तो पहल हो, जसले दलित, महिला, पिछडिएका समुदाय, मधेसी, जनजातिलाई सामाजिक रुपमा अगाडि बढ्न मद्दत पुऱ्याउँछ । उनीहरूको सामाजिक, आर्थिक, शैक्षिक अवस्था सुधार गर्न रोजगार तथा शिक्षाको समान अवसर प्रदान गर्छ ।

"सकारात्मक कार्यले त्यस कार्यलाई जनाउँदछ, जुन श्रृङ्खलाबद्ध रूपमा जातिगत, निम्न वर्गीय तथा महिलाको शिक्षा र रोजगारको हकमा बराबर अवसरको निर्माण गर्दछ । यो योजनाको निर्माण यस्तो स्वरूपले बनाइएको छ कि जहाँ कहि समान अवसर प्राप्त गरेको छैन त्यहाँ जागिर  निम्न वर्ग र महिला वर्गमा बराबरी प्राप्त होस् ।

राज्यद्वारा निर्माण गरिएको ऐन, कानुन, अन्तरिम संविधान, अन्तरिम योजना, दलित आयोग लगायत विभिन्न सरकारी सङ्गठन दलितहरूको हक हितमा रहेर बनाईएको छ । उनीहरूलाई विकासको मूलधारमा ल्याउन गरिएको यो कार्यलाई सकारात्मक पहलको रूपमा लिन सकिन्छ ।

राज्यद्वारा दलितहरूलाई समाजमा अन्य सरह नै बाँच्न र अधिकार प्रयोग गर्नका लागि उनीहरूको पेशामा आधुनिकीकरण ल्याउने, वैदेशिक रोजगारका लागि आवश्यक पर्ने रकम विना धितो उपलब्ध गराई दिने, उद्यम तथा सिपको लागि सुलभ र सहुलियत स्वरूप तालिम प्रदान गराउने, दलित समुदायका विद्यार्थीलाई माध्यमिक तहसम्म छात्रवृत्तिमा दलित विद्यार्थीहरूका लागि आरक्षण कार्यक्रम सञ्चालन गर्ने, मधेसी दलितलाई नागरिकता प्रदान गर्ने, शौचालय नभएको क्षेत्रमा शौचालय निर्माण गर्ने, भूमिहीनलाई बसोबासको जग्गा उपलब्ध गराउने, विना लालपूर्जा विजुली बत्ती दिने आदि सकारात्मक पहल गर्दै आएको छ ।

## १.२. समस्याको कथन

जुनसुकै बिषय बस्तुको अध्ययन तथा अनुसन्धान गर्दा त्यहाँ बिभिन्न प्रकारका समस्याहरू देखा पर्दछन् । झन नेपाल जस्तो विकासोन्मुख तथा आर्थिक स्तरबाट

बिपन्न तथा बिभिन्न जात  जाति भएको देशमा यस्ता खालको समस्या आउनु स्वभाविक नै मानिन्छ । एक त सानो देश र त्यसमा माथि नागरिकमा जातपात र छुवाछुतको विश्वास रहेको जातिय बिभेद र छुवाछुतको भावनाले ग्रसित यस समाजमा दलित बर्ग र  गैह्र दलित बर्ग बीचको युगौं देखि निरन्तर आएको  भेदभाव समाजका लागि चुनौतिका रूपमा खडा भईरहेको छ । हुनत २०६३ सालको अन्तरिम संबिधान अनुसार नेपालमा मानिस मानिस बीच बिभेद गर्नु नहुने, गरेमा राज्यले दण्ड सजाय गर्न सक्ने ब्यवस्था भए पनि कार्यान्वयन पक्ष फितलो भएकोले दलित बर्गको अधिकारमा समानता र समता मुल रूपमा आउन सकेको छैन । बिभिन्न तरिकाले दलित समुदायलाई गैह्रदलितको शोषण गरिरहेको पाईन्छ । सरकारी तवरबाट दलितहरूका लागि बिभिन्न सकारात्मक कार्यक्रम सञ्चालन भए तापनि  तिनीहरूले दलित समुदायलाई खासै फाइदा पुर्‍याउन सकेको देखिँदैन । दलित समुदाय माथि भएको अन्याय र अत्याचारलाई सरकारले पनि मुकदर्शक भएर हेरिरहेको अवस्था छ । दलित आयोग त छ तर हात्तिका देखाउने दाँत जस्तै भएको छ । सरकारले दलित बर्गलाई इङ्गित गरि कार्यक्रम ल्याएको देखिन्छ । तर पनि समस्या जहाँको तँहि छन् । दलितहरूले आर्थिक, सामाजिक तथा राजनीतिक चुनौतिलाई सामना गर्दे हिँडनुपर्ने अवस्था रहेको छ ।

यिनै बिभिन्न किसिमका समस्याहरू भोगिरहेका दलितहरूको निम्न कठिनाईहरूमा आधारित रहेर अध्ययन गरिएको छ ।

१) मुसहरहरुका लागि राज्यले गरेका सकारात्मक विभेदका पहिचान गर्ने ?

२) मुसहरहरुका लागि राज्यद्वारा गरिएको सकारात्मक विभेदले आर्थिक, सामाजिक, सांस्कृति, मनोवैज्ञानिक, पक्षहरुमा पारेको प्रभाव विश्लेषण गर्ने ?

३) सकारात्मक विभेदको उपभोग गर्नको लागि मुसहरहरुले भोग्नु परेका समस्या समाधानका लागि गरेका प्रयत्न तथा त्यसका समस्याहरुको विश्लेषण गर्ने ?

## १.३. उद्देश्य

कुनै पनि कार्यक्रम सञ्चालन गर्नु अगाडि उद्देश्य तर्जुमा गर्नु पर्ने हुन्छ । उद्देश्यले कुनै पनि अध्ययनलाई एउटा निश्चित दिशामा लाने हुनाले अध्ययनलाई प्रभावकारी बनाउने  उद्देश्यको आवश्यकता पर्दछ । यस अध्ययनको निम्न उद्देश्यहरू छन्ः-

१) मुसहरहरुका लागि राज्यले गरेका सकारात्मक विभेदका पहिचान गर्ने ।

२) मुसहरहरुका लागि राज्यद्वारा गरिएको सकारात्मक विभेदले आर्थिक, सामाजिक, सांस्कृति, मनोवैज्ञानिक, पक्षहरुमा पारेको प्रभाव विश्लेषण गर्ने ।

३) सकारात्मक विभेदको उपभोग गर्नको लागि मुसहरहरुले भोग्नु परेका समस्या समाधानका लागि गरेका प्रयत्न तथा त्यसका समस्याहरुको विश्लेषण गर्ने ।

## १.४. महत्व

विश्वको जनसंख्या दिन प्रतिदिन बढदो दरमा रहेको छ । बिश्वमा बढदै गईरहेको जनसंख्या, खुल्ला अर्थतन्त्र शिक्षा, रोजगारीका अवस्था आदिको तीव्र प्रतिस्पर्धाले गर्दा दलितहरूमा थप समस्या र जटिलता थपिएको छ । समयले ल्याएको परिवर्तित परिस्थितीले गर्दा झन दलितहरूमा जटिलता थप भएको देखिन्छ । हाम्रो सामाजिक परिस्थितीले गर्दा झन दलितहरूमा पिडा त छँदैछ । यी दलित समुदायहरूलाई विकासको मुलधारमा ल्याउने अभियानमा अब नयाँ ढंगबाट सोच्नु पर्ने अवस्था आएको छ ।

दलितको शिक्षा, स्वास्थ्य, रोजगारी ब्यवसाय पेशा आदिका बारेमा राज्यका तर्फबाट सकारात्मक सोचको विकास भएमा समाजमा यसको महत्व बोध हुने देखिन्छ । दलित प्रति सकारात्मक सोच हुनु जरूरी देखिन्छ । सो नहुँदा दलितहरूमा बिबिध खाले चुनौती रहेका छन् । अतः यस अध्ययनमा बिराटनगर उपमहानगरपालिका वडा नं ५ अर्न्तगत रहेका मुसहर जातिका मानिसहरूको लागि राज्यले अवलम्बन गरेको नीति

तथा कार्यक्रमले उनीहरूको आर्थिक/सामाजिक पक्षमा के कस्तो प्रभाव पारेको छ ? ती समुहहरूलाई अगाडि ल्याउन नेपाल सरकारको नीति, नियम, ऐन, निर्देशन र कार्यक्रम कार्यान्वयन कस्तो छ ? आदि तथ्याङ्कको संकलन गरी आवश्यक सुझाव दिन यस अध्ययनको महत्वपुर्ण योगदान दिनेछ ।

# अध्ययन : दुई

## सन्दर्भ साहित्यको पुनरावलोकन

### २.१. पुर्व प्रकाशित अध्ययनहरूको समीक्षा

विश्वमा वर्ग विभेद नभएको देश कहिँ कतै पनि अपवादको रूपमा पाइदैन । विश्वमा विभिन्न देशहरूमा विभिन्न तवरले विभेद भइरहेको पाइन्छ । पश्चिमी मुलुकमा काला गोरा बीचको विभेद, पूर्वी मुलुकमा जातपात र छुवाछुतको विभेद रहेको हामी देख्न सक्छौं । विश्वमा अन्य विकसित तथा विकासोन्मुख देशहरूमा तल्लो जाति माथिल्लो जाति बीचमा असमानता रहिरहेको छ । हरेक देशमा अथवा क्षेत्रका निमुखाहरूलाई ठूलाहरूले हेपिएको नै पाइन्छ । विकसित देशका गोराले कालालाई भेदभावपूर्ण व्यवहार गरेको पाइन्छ । हाम्रो जस्तो विकासोन्मुख देशका विभिन्न क्षेत्रमा उपल्लो जातिले तल्लो जातिमाथि आर्थिक, सामाजिक, राजनीतिक तथा कानुनी स्थितिमाथि तल्लो जातिले विकास गर्न पहल गर्दैन । तबसम्म देशमा विकास र उन्नती हुन सक्दैन भन्ने कुरा बुझी सक्दा पनि तल्लो जातिको विकासका लागि कुनै नीति तथा कार्यक्रम ल्याउन कार्यान्वयन प्रभावकारी ढङ्गले भए गरेको पाइदैन सामाज द्रूत गतिले परिवर्तन भइरहेको छ । आधुनिकीकरणको यस युगमा समता र समानताको नारा लागे पनि उपल्लो जातिको तुलनामा तल्ला जाति माथि उठ्न सकेको छैनन् । असमान व्यवहार भएका कारण विश्वमा विभिन्न युद्ध भए तापनि नेपालमा वर्ग-वर्ग बीचको असमानताको कारण युद्ध भएको छैन । कारण, धार्मिक, सामञ्जस्यता र सहिष्णुता हो । नेपाली समाज छुवाछुत र भेदभावले यस्तो ग्रसित भइसकेको छ की वर्ग-वर्ग बीच नै विभेद र छुवाछुतको भावना विकास भएको छ । जस्तै : दलित वर्गमा पनि एक जातको दलितले अर्को जातको दलितले छोएको खाँदैनन् । उनीहरू भित्र नै विभेद रहेको छ । नेपालको जनसङ्ख्याको १३% ओगटेको

दलितहरूमा सामाजिक, आर्थिक जस्ता विविध पक्षको अध्ययन तथा अनुसन्धान भएको पाइन्छ । त्यस्ता अध्ययन तथा अनुसन्धानबाट दलितहरूका वर्तमान समस्या तथा चुनौतीहरूको प्रष्ट रूपमा उल्लेख गरेका छन् । र यस्ता समस्या तथा आई पर्ने चुनौतीलाई सामना गर्नको लागि दलितहरूलाई राज्यद्वारा नै सहयोग गर्नुपर्ने हुन्छ भने निष्कर्ष निकालिए तापनि दलितहरूका अवस्थामा खासै फरक भएको पाइदैन । उनीहरूलाई गरिने भेदभाव, छुवाछुत विरुद्ध जस्तो सुकै नीति ल्याए तापनि त्यसको कार्यान्वयन पक्ष फितलो भएको कारणले गर्दा समाजमा दलितको अवस्था जस्तो थियो त्यस्तो छ भने दुई मत नहोला । उनीहरूको उन्नती र विकासका लागि वर्षेनी बजेट छुट्याइएता पनि उनीहरूको आर्थिक स्थिति ज्यू का त्यू नै छ (आचार्य, २०६५) ।

नेपाल एक बहुजाति, बहुभाषिक, बहुसाँस्कृतिक मुलुक भएतापनि यहाँका जातिको बारेमा समाजशास्त्रीय अध्ययनको इतिहास भने त्यति पुरानो छैन । २००७ साल भन्दा अगाडि तानाशाही राणा शासनमा कुनै पनि खोजमुलक अध्ययन अनुमति थिएन । २००७ साल पछि बिभिन्न स्वदेशी तथा बिदेशी समाजशास्त्रीहरूको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गर्न शुरू गरे । २००७ साल पछि ह्यामिनडोर्फ, पि क्याप्लन, शेर अटर, एफ ग्याल्जे जस्ता बिदेशी तथा डोरबहादुर बिष्ट, गोपालसिंह नेपाली, इयानसिंह, डिल्लीराम दाहाल, गणेश गुरूङ्ग जस्ता अनेकौ स्वदेशी बिद्धानहरूले नेपाली समाजशास्त्रीय/मानवशास्त्रीय अध्ययनलाई अगाडि बढाएको पाईन्छ ।

प्रा.डा. ऋषि केशवराज रेग्मी, २०६५ सालमा प्रकाशित " एक श्रोत तीन धार" भन्ने पुस्तकमा पुर्वी नेपालमा धिमाल, काशीका थारू, र पाल्पाका शाक्यहरूको मानवशास्त्रीय अध्ययन गरी उनीहरूको उत्पत्ति, धार्मिक जीवन, संस्कार, सामाजिक ब्यवहार, आर्थिक जीवन आदि विविध पक्षमा वर्णन गरिएको छ । प्रो.डा. ऋषि केशवराज रेग्मीद्धारा लिखित यस पुस्तकले मुसहर महिलाहरूको उत्पत्ति, नामाकरण जनजीवन, परम्परागत संस्कार र सामाजिक पक्षहरूलाई बुझ्न सहयोग पुऱ्याएको छ ।

डा. डिल्लीराम दाहालद्धारा १९७७ मा प्रकाशित “धिमाल लोक जीवन” भन्ने पुस्तकले पुर्वी नेपालका मोरङ्ग र झापा जिल्लाका आदिवासी धिमाल जातिको विस्तृत अध्ययन प्रस्तुत गरेको छ । यस पुस्तकमा धिमाल जातिको सामाजिक संस्कार, धार्मिक विश्वास र धिमाल गाउँबस्तीहरूको अवस्थाबारे बर्णन गरिएको छ ।

यसरी नेपालको बिभिन्न ठाँउमा बसोबास गर्ने मुसहर जातिका बारेमा पनि अध्ययन अनुसन्धान गरी धेरै थोरै लेख रचनाहरू लेखेको पाईन्छ । बिष्ट (२०५५) “सबै जातको फूलबारी” सातौं संस्करण, साझा प्रकाशन अनुसार मुसहर समुदाय भनेको नेपालमा कृषि मजदुरी गरी जिविका गर्ने जाति हुन । यो समुदाय माटो काटने काममा निपुण छन् भनी चिनाउनु भएको छ । दवाडी, (२०५१) “मुसहर जातिको सामाजिक तथा आर्थिक पक्षको अध्ययन” गर्ने क्रममा यस समुदायको लागि कृषि, मजदुरी, हली, गोठालो सिवाय अन्य विकल्प नभएको उल्लेख गर्नु भएको छ । डा. गौतमले “नेपालमा मुसहर जातिको सामाजिक परम्परा एक अध्ययन” (१९६७) मुसहर भारतको बिहार र उत्तर प्रदेशबाट नेपालको घनाजंगल फडानी गरी बसोबास गर्न थालेको कुरा बताएका छन् । उनका अनुसार अन्य तराईबासीहरू बसाई सराई गरी आउने क्रममा अन्य जातिहरू मुसहर पनि झण्डै ४०० बर्ष अगाडि प्रवेश गरेका हुन ।

पाण्डेय, (२०६३), नेपालका दलितहरू सम्बन्धी आफ्नो पुस्तकमा सामाजिक, आर्थिक, शैक्षिक, भाषाभाषी, रहनसहनका बारेमा ब्याख्या गरेका छन् ।

थापा (१९५२) ले आफ्नो पुस्तक विपन्न बर्गको उत्थानका पुर्व शर्तहरूमा जानु भनेको समाजको त्यो बर्ग हो जसको अधिकार र कर्तब्यहरू वंशाणुगत हुन्छन् भनेका छन् । जब एउटा बर्ग पुर्ण रूपमा वंशाणुक्रमा आधारित हुन जान्छन् भने त्यसलाई जात भन्न सकिन्छ । (किसान, २०५८) ।

पराजुली, (२०५४) नेपालमा जातीय छुवाछुत सम्बन्धी समाजको अध्ययनमा दलितको उत्पत्ति, वर्गिकरण र सरकारी निकायमा दलितको स्थितीका बारेमा ब्याख्या गरेका छन् । दलित उत्पत्तिको इतिहासमा दलितलाई आर्यहरूले तल्लोबर्गको आर्य र

पराजित अनार्यलाई अछुत ठाने । नेपालमा लिच्छवीकालमा आएर त्यसबेलाका शासकहरूले छोईछिटो हाल्नु पर्ने कायम गरे । छोईछिटो हाल्नु पर्नेलाई असद शुद्र र छोईछिटो हाल्नु नपर्नेलाई सदशुद्र भनियो । सदशुद्रमा कामी, दमाई, सार्की, पोडे, च्यामे, कसाई, गाइने, बादी, मुसहर आदि र असदशुद्रमा राई, लिम्बु, गुरूङ्ग, मगर, तामाङ्ग र थारू आदिलाई बर्गिकृत गरिएको थियो ।

नेपालको विभिन्न ठाउँमा छरिएर रहेका दलित तथा जनजातिको बारेमा पनि धेरै थोरै लेखहरू लेखेको पाइन्छ । किसान (२०५७) नेपालमा दलित मुक्ति आन्दोलनले शुद्रको शैक्षिक स्थितिका बारेमा धेरै थोरै लेखेको पाइन्छ (पाण्डेय, २०६४) । नेपालका दलितहरूमा विस्तृत रूपमा अध्ययन नगरे पनि मुसहरू हिन्दु धर्मावलम्बी जाति हुन् । यिनीहरू पनि अन्य जातिले जस्तै हिन्दु धर्म मान्दछन् भनेका छन् र यिनीहरूको भेषभुषा भाषा, चाडपर्व, खानपान सम्बन्धी धेरै थोरै लेखेको पाइन्छ ।

यस अध्ययनको उद्देश्य मुख्यतया दलितहरूका लागि सरकारद्वारा गरिएका सकारात्मक विभेदको प्रभावका बारेमा अध्ययन गर्नु रहेको छ । उनीहरूको आर्थिक सामाजिक स्तरमा राज्यद्वारा लिईएको नीतिले के कस्तो प्रभाव पारेको छ । उनीहरूको जातीय भेदभाव विरुद्ध कस्तो प्रगति भएको छ सो कुराको अध्ययन यस शोधपत्रमा गरिएको हुनाले यस अध्ययनमा विश्व व्यवस्थात्मक सिद्धान्त र मार्क्सवादी धारणालाई आधार मानेर अध्ययन क्षेत्रमा रहेका दलितहरूको विश्लेषण गरिएको छ ।

**संविधानमा दलित सम्बन्धी अधिकारको व्यवस्था**

**अन्तरिम संविधान २०६३**

**मौलिक हक भाग ३**

अन्तरिक संविधान धारा १३ मा मौलिक हकअन्तर्गत समानतको हकलाई निम्नानुसार व्यवस्था गरिएको छ :

१. सबै नागरिक कानुनेको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

२. सामान्य कानुनको प्रगोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

३. राज्यले नागरिकहरूका बचि धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै प्रकारको आधारमा भेदभाव गर्ने छैन । तर महिला, दलित, आदिवासी जनजाति, मधेसी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडीएका वर्ग वा बालक, बृद्ध तथा अपांग, शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

**छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक धारा १४ मा**

१. कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत था जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिम क्षतिपूर्ति पाउने छ ।

२. कुनै पनि व्यक्तिलाई जातजातिका आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिकस्थल वा सार्वजनिक, धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन ।

३. कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुवधा वा वस्तु कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलार्य मात्र विक्री वितरण गरिने छैन ।

४. कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरूको समूहको उच नीच दर्शाउने, जातजातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

५. उपधारा (२), (३) र (४) विपरीत कार्य कानुन बमोजिम दण्डनीय हुनेछ ।

नेपालको अन्तरिम संविधान २०६३ भाग ४ राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू अन्तर्गत धारा (३३) उपधारा (घ) मा वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृति, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी, उत्पीडित, उपेक्षित अल्पसंख्यक समुदाय, पिछडिएका क्षेत्र लगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी लोकतान्त्रिक र अग्रगामी पूनर्संरचना गर्ने भन्ने उल्लेख छ ।

त्यसै धारा ३३ (घ १) मा “मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेसी, दलित, आदिवासी, जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग पिछाडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने” भनिएको छ ।

अन्तरिम संविधान भाग-४ राज्यको दायित्व निर्देशक सिद्धान्त मा आधारित छ तथा नीतिहरूको उपधारा ३५ को (१४) मा प्रष्ट रूपमा घोषणा गरियो “राज्यले महिला, दलित आदिवासी जनजाति, मधेसी, कमैया, अपाङ्ग पिछाडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।”

अन्तरिम संविधानको भाग-१८ राजनीतिक दलहरूको, धारा १४२, (३,१ग) मा घोषण गरिएको छ भने “विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलित लगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरू समेत रहने समावेशी व्यवस्था गरिएको हुनु पर्दछ ।”

यी माथिका संवैधानिक अधिकारबाट के थाहा लाग्दछ भने विगत केही वर्ष यताबाट दलित समुदाय तथा पिछडिएका वर्गका लागि राज्य सकारात्मक रहेको देखिएको छ । नेपाली समाजमा भएका दलित तथा पिछडिएका वर्गहरूलाई विकासको मूल प्रवाहमा ल्याउन राज्यले पनि सकारात्मक भूमिका निर्वाह गरी रहेको छ मान्न सकिन्छ ।

**ऐन र नियमावलीमा दलित सम्बन्धी व्यवस्थाहरू**

**नयाँ मुलुकी ऐन,** २०२०

जात र छुवाछुतको सम्बन्धमा गरेको महल १९ को अदलको १० (क) मा भनिएको छ - "कसैले कसैलाई जातिपातिका आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार गरेमा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गरेमा एक वर्षसम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवान वा दुवै सजाय हुन सक्नेछ ।"

२०४९/१/८ मा केही नेपाल ऐन संशोधन गर्ने २०४८ ले साविकमा रहेको मुलुकी ऐन महलको १० क नं थप गरी कसैलाई जातपातको आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार गरेमा एक वर्षसम्म कैद वा तीन हजारसम्म जरिवाना वा दुबै सजाय हुन सक्ने व्यवस्था गरेको छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५

१. आफ्नो क्षेत्रको विकासको समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएको वर्ग समेतका समग्र जनताको सहभागितामा अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने ।

२. गाउँ परिषद्को गठन गर्दा गाउँ विकास क्षेत्र भित्रका एकजना महिला समाजसेवी, आर्थिक, सामाजिक दृष्टिकोणले पिछडिएको जाति, जनजाति,

दलित तथा आदिवासी मध्ये गाउँ परिषद्मा प्रतिनिधित्व हुन नसकेका वर्गका योग्यता पुगेका व्यक्तिहरूमध्येबाट गाउँ परिषद्द्वारा मनोनित ५ जना व्यक्ति समेत सदस्य रहने व्यवस्था छ ।

**तीन वर्षे अन्तरिम योजनामा** (२०६४/२०६५–६६/६७)

दलितका लागि विभिन्न नीति कार्यक्रमहरू ल्याइएको छ । जसमा दलितहरूका निम्ति विशेष लक्षित गरी आर्थिक कार्यक्रम सञ्चालन गरिने, दलितहरूलाई व्यापार व्यवसाय गर्ने कार्यमा प्रोत्साहन गर्न विशेष सहुलियत दरमा ऋण उपलब्ध गराउने, विना धितो निर्व्याजी ऋण सुविधा उपलब्ध गराउने, दलितहरूको उच्च जनसङ्ख्या भएको क्षत्रेमा भौतिक सञ्जाल, विद्युतीय पूर्वाधारहरूको विकास लगिने, दलितहरूको शैक्षिक स्तर वृद्धि गर्नका लागि प्रोत्साहन सहितको अनिवार्य तथा निःशुल्क शिक्षा-( उच्च मा.वि. तहसम्म) दिने व्यवस्था गरिएको छ । साथै न्यून आय भएका दलित विद्यार्थीका लागि विकास क्षेत्रमा छात्राबास स्थापना गराउने ।

स्वदेशी तथा वैदेशिक छात्रवृत्तिका लागि आरक्षण कार्यक्रम सञ्चालन गर्ने, मूल प्रवाहीकरणका लागि दलितहरूसँग सम्बन्धित पुराना नीति ऐन, कानुनको सुधार गरी नयाँ निर्माण गर्ने नीति राज्यद्वारा लिएको छ । त्यस्तै मधेसी दलित समुदायको सशक्तीकरणका लागि आर्थिक तथा शैक्षिक विकासका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिने, दलितहरूको बसोबास क्षेत्रमा सामुदायिक भवन तथा शौचालय निर्माण गर्ने तथा उनीहरूका लागि नागरिकता वितरण अभियानलाई निरन्तरता दिने लक्ष्य लिएको छ ।

**राष्ट्रिय दलित आयोग २०५८/१२/०६ गते**

खुलेको यस आयोगले दलित समुदायको उत्थानका लागि विभिन्न समतामुलक कार्यक्रम ल्याएको छ । यस आयोगले दलितहरूको इतिहास दलितहरूको पेशागत वर्णन गरेको छ । यस आयोगको मुख्य उद्देश्य जाति भेदभाव र छुवाछुतका

घटनाहरूको सत्यतथ्य अध्ययन गरी कारवाहीका लागि सिफारिस गर्ने तथा दलितहरूको विना भेदभाव मानव अधिकारको उपभोग गर्न पाउने वातावरण निर्माण गरी विभेदरहित समाज निर्माण गर्ने उद्देश्य आयोगको रहेको छ ।

नेपाली समाजमा दलितहरूको उत्थान तथा हकहितका लागि दलित मुक्तिमोर्चा, नेपाल दलित संघ, दलित आयोग लगायतका दजर्नो संघ संस्था खुले पनि यी सबै संघ संस्थाहरू 'केन्द्र' मा अवस्थित छन् । जसले गर्दा समाजमा विभिन्न भागमा रहेका दलितहरूका जीवनमा आई पर्ने विभिन्न समस्यासम्म संस्थाहरू पुग्न सकेका छैनन् ।

**कृष्ण भट्टचन "इक्जिस्टिङ्ग प्राक्टिस अफ काष्ट भर्सेज बेस्ट अन टर्चेवेलिटीडज भर्सेज बेसट अन टर्चेवेलिटी इन नेपाल एण्ड स्टडिज फर अ कम्पेजन फर इट्स इलिभिनेशन"** (२००३:) का अनुसार, नेपालको सन्दर्भमा दलितहरूको जनसांख्यिक अवस्थालाई हेर्दा जम्मा जनसङ्ख्याको १३% रहेको पाइन्छ । सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पछि परेका दलितहरूको शिक्षा क्षेत्रमा समेत पहुँच कम रहेको छ । समाजको वर्गीकरणसँगै तल्लो र माथिल्लो जातिको आधारमा पेसाको निर्धारणले गर्दा दलितहरूको अवस्था कमजोर बन्दै गएको छ । दलितहरूको सीप, कलालाई हेर्दा उनीहरू अन्य जातिको तुलनामा धेरै धनी रहेका छन् । यसका साथै उनीहरूले निर्माण गरेका कला, कौशलाहरू माथिल्लो जातले सजाउन हुने तर उनीहरूलाई सामाजिक रूपमा अपहेला गर्ने परिपाटी रहेको छ । यति सीप, कला मिहिनेत भए तापनि उनीहरू आर्थिक र सामाजिक क्षेत्रमा माथि उठ्न सकेका छैनन् । उनीहरूले जातका आधारमा पेसा अपनाउनु पर्ने र पेसाकै कारणले गर्दा समाजमा उनीहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन नभएको हुनाले समाज जति परिवर्तन भएको छ भनेर नारा लाए तापनि उनीहरूको अवस्थामा कुनै सुधार आएको छैन ।

**"नेपालमा जातीय भेदभाव" कृष्ण भट्टचन, तेज सुनार यसोकान्ती भट्टचन**

सन् २००८ पुस्तक, दलितहरूले विभिन्न पक्षमा भेदभावहरूको सामाना गर्नु परेको छ । (जस्तै शिक्षा, राजनीतिक, राज्य नीतिहरू, सामाजिक स्तर, पेसा, श्रम, बजार आदि) र यस प्रकारको भेदभाव र छुवाछुतलाई निर्मूल पार्न राज्य अझसम्म पनि उत्तरदायि देखिँदैन । यद्यपि नेपालले विभिन्न मानव अधिकार घोषण पत्रमा हस्ताक्षर गरेपछि यिनीहरू कागजमै सिमित रहेका छन् । व्यवहारमा उतार्न सकेका छैनन् । अतः दलितहरूलाई गैरदलितको दाँजो अझ बढी अवसरको आवश्यकता छ ।

विश्वकर्मा दुःखी, दलित र हाम्रो समाज २०६८ का अनुसार वर्गलाई राज्यको मूलप्रवाहमा ल्याउने एउटा उपाय भनेको सकारात्मक विभेदकको सिद्धान्त हो । यो पहिलो पटक अमेरिकी राष्ट्रपति जोन एफ.केनेडीले अमेरिकामा लागू गरेका थिए । सकारात्मक विभेदको सिद्धान्तलाई राज्य व्यवस्थाको संरचनामा प्रयोग गर्दा संस्थागत कुशलता र कार्य क्षमतामा ह्रास आउँछ भनेर तर्क गर्नेहरू पनि छन् । तर जुन नीतिले देशको सामाजिक संरचना र यसमा निहित असमानतप्रति आँखा चिम्लेर समाधान प्रस्तुत गर्न खोजिन्छ त्यसले समाधानको सट्टामा बढी व्यवधान र तनाव सिर्जना गर्दछ । कुशलता र क्षमताको सिद्धान्तलाई मूलतः दुई कारणले नेपाली समाजमा परिमार्जन गर्नुपर्छ । पहिलो, वर्तमान कुशलताको संरचना वास्तवमा परम्परागत रूपमा रहेको आर्थिक, सामाजिक, क्षेत्रीय असमानता र शोषणको प्रतिफल हो । समानाता र कुशलताको नाममा परम्परागत असमानतालाई निरन्तरता दिने नीतिले असमानता, सामाजिक ध्रुवीकरण र राष्ट्र विखण्डीकरणलाई निम्त्याउँछ । आजको समानताभित्र हिजो भएको असमानताप्रति पनि ध्यान जानुपर्छ । हिजो असमानता बेहोरेको समाजलाई आज समान बनाउन विशेशाधिकारको प्रयोग गर्नुपर्छ, जसलाई आरक्षण दिने व्यवस्था पनि भन्न सकिन्छ ।

दोस्रो बहुभाषिक बहुजातीय, बहुसांस्कृतिक समाजमा एउटा सानो समूहको मात्र विभिन्न महत्वपूर्ण संस्थागत इकाइहरूमा प्रभुत्व कायम रहँदा यसले आजको २१ औं शताब्दीमा गतिशील अर्थतन्त्र र जनताप्रति संवेदनशील प्रशासन यन्त्र र राजनीतिको विकासमा आवरोध खडा गर्न सक्छ । विभिन्न जाति, जनजाति, आदिवासी

र अन्य विपन्न समूहहरू रहेको देशमा प्रशासन र राजनीतिमा पनि यो विविधता प्रतिविम्बित गराउनु ती संस्थालाई जनताको आवाज र आकांक्षाप्रति बढी सम्वेदनशील गराउनु अनिवार्य हुन आउँछ । जनतालाई सेवा दिने विभिन्न तहका संरचनाहरूमा पनि राष्ट्रको विविधतालाई ठाउँ दिनाले यस्ता संस्थाप्रति जनताको आस्था र विश्वास बढ्ने मात्र नभई संस्थागत संवेदनशील र कार्य कुशलतामा पनि सकारात्मक प्रभाव पार्नेछ । यस अर्थमा सकारात्मक विभेदको सिद्धान्तको प्रयोगले राज्यका सकारात्मक विभेदको सिद्धान्तको प्रयोगले राज्यका विभिन्न संस्थाहरूलाई बढी संवेदनशील र जनताप्रति उत्तरदायी बनाउन मद्दत गर्दछ । जब राज्यका अङ्गहरू जनताप्रति बढी संवेदनशील र उत्तरदायी हुँदै जान्छन । त्यस बखत सामाजिक न्याय सुनिश्चित गराउन पुग्ने कुराहरू पनि स्वतः अगाडि बढ्दै जान्छ ।

**मधुसुदन पाण्डेयद्वारा लिखित नेपालका दलितहरू** (२०६४)

नेपालका विभिन्न स्थानमा रहेका दलित जातिको परिचय दिएका छन् । उनको यस पुस्तक दुई खण्डमा विभाजन गरिएको छ । प्रथम खण्डमा 'नेपालका दलितहरू' भनी नेपालमा बसाबोस गर्ने सम्पूर्ण दलितहरूका अनुसार रहन-सहन, सामाजिक, आर्थिक, शैक्षिक, भाषा भाषी संस्कारका बारेमा व्याख्या गरको छन् । दोस्रो खण्डमा दलितको परिभाषा, वर्गीकरण, दलितलाई दलित भनी कसरी दलित भए ? दलित तथा गैर दलितको छुवाछुत, दलित-दलित भित्रकै छुवाछुत, दलितहरूको लागि बनिएका संघ, सङ्गठन, विधेयकलाई प्रष्टसँग खुलाएका छन् ।

**दलित समुदायको अधिकार** (२०६७)

"दलित समुदायको हितमा भएका राज्यका घोषणाहरू" मा राज्यले वि.सं. २०२० देखि हाल सम्म विभिन्न समयमा सबै नागरिक समान हुन् भन्ने अनुभूति दिलाउन छुवाछुत जस्तो अमानवीय कु-प्रथा उन्मूलन गर्न वि.सं. २०६८ साउन ३२ गते नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको थियो । त्यस्तै वि.सं. २०६५ माघ

१२ गते प्रधानमन्त्री पुष्पकमल दाहालले "जातजातिका नाममा हुने छुवाछुतलाई राष्ट्रिय कलङ्कको रूपमा व्याख्या भएका थिए ।"

**कान्तिपुर** ...२०६९ **मंसिर** २२ **पृष्ठ** ९"

समाजमा दलित समुदाय भित्र नै तल्लो जात र माथिल्लो जात भनी जरो गाढेको कुरा यस लेखबाट प्रष्ट पार्न खोजिएको छ । दलित जाति भित्रको जातिय विभेदकै कारण एउटा श्रीमानले आफ्नो श्रीमती र छोराछोरीलाई त्यागी समाजलाई अपनाएको कुरा यस लेखले देखाउन खोजेको छ । उक्त लेखमा दमाई आमाबाट जन्मेको सन्तानलाई लोहार (कामी) ले अस्वीकार गरेको उल्लेख गरिएको छ । लोहार ( कामी) ले दमाईलाई आफूभन्दा तल्लो जातको ठान्ने सामाजिक परम्परा यस समाजमा आज पनि विद्यमान रहेको छ । जसले गर्दा दलित समुदायभित्र नै जातीय विभेदको डरलाग्दो अवस्था रहेको पाइन्छ ।

यसबाट के प्रष्ट हुन्छ भने दलित र गैर-दलितमा मात्र होइन दलित दलितमा नै जातीय छुवाछुत र भेदभाव विद्यमान रहेको छ । तसर्थ, दलितहरको साधन र स्रोतमा समान सहभागी गराउन थिचिएका समूह बीचको भेद अन्त्य गर्न गैर दलितहरूले पनि स्व-स्फूर्त भूमिका खेल्नु पर्दछ । परिवर्तन सबै जनताको व्यवहारमा आउनु पर्छ । दलित आन्दोलनलाई दलित सङ्गठन र राजनीतिक दलितहरू भित्रै मात्र सीमित नराखी सङ्कुचित दायराबाट बाहिर निस्केर सबै क्षेत्रका दलित समुदायलाई समेट्न अहम् भूमिका निर्वाह गर्नुपर्दछ ।

## २.२ **सैद्धान्तिक समीक्षा**

### २.२.१ **मार्क्सवादी दृष्टिकोण**

मार्क्सवाद, कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स उनका सहयात्रीद्वारा प्रतिपादित विभिन्न चिन्तन र खोजपूर्ण पद्दति हो । यो एउटा समाजशास्त्रीय मोडेलेको रूपमा विकास भएको दृष्टिकोण हो । जसको मान्यता अनुसार समाज वा संस्कृतिका विभिन्न पक्षहरूलाई तिनीहरूको ऐतिहासिक विशिष्टताको आधारमा विभिन्न चरणहरमा विभाजन गर्दै व्याख्या र विश्लेषण गर्न सकिन्छ भन्ने रहेको छ । मार्क्सवाद एउटा दृष्टिकोण हो, जसले समाजका हरेक क्रियाकलाप व्यवहार, सम्बन्ध, परिवर्तन तथा गतिविधिलाई द्वन्द्ववादी मान्यताले व्याख्या र विश्लेषण गरेको हुन्छ । संरचनात्मक प्रकार्यवादलाई आलोचना गर्दै यसले समाज र संस्कृतिलाई बुझ्नको लागि परिवर्तनलाई आत्मसात गरेको छ । मार्क्सवादी दृष्टिकोण द्वन्द्वलाई सर्वव्यापी सामाजिक घटनाको रूपमा लिएका छौं । त्यसले प्रत्येक समाजमा उत्पन्न हुने अन्तर्विरोधको कारण नै समाजमा द्वन्द्व उत्पन्न भई त्यसैबाट समाजलाई वर्ग, वर्गसङ्घर्ष र वर्गीय द्वन्द्वको रूपमा व्याख्या गरेका छन् । सामाजिक वर्ग भन्नाले व्यक्तिहरूको त्यस्तो समूह हो, जसले उत्पादनको सङ्गठनमा उस्तै प्रकार्य गर्दछ । वर्गको आधार वा प्रकृति आर्थिक हुने गर्दछ । उनको शब्दमा भन्नुपर्दा मार्क्सले समाजमा रहेको वर्गलाई दुई भागमा विभाजन गरेका छन् । एउटा वर्ग जो सँग उत्पादनको साधन हुन्छ, जसलाई पुँजीपति भनिन्छ अर्को वर्ग जो सँग श्रमका अतिरिक्त केही हुँदैन, जसलाई श्रमिक वा सर्वहारा वर्ग भनिन्छ । यी दुई वर्ग बीचको सम्बन्ध केवल धनी तथा गरिबको मात्र नभएर शोषण र शोषितको पनि रहेको छन् । उनीहरू आर्थिक स्थिति कमजोर रहेको कारण धनी उपल्ला जातको घर, खेतमा काम गर्न बाध्य हुन्छन् । तर पर्याप्त पारिश्रमिक पाउँदैनन् । त्यसैले उनीहरू शोषित हुन्छन् ।

वर्ग सङघर्ष नै मार्क्सवादी ढाँचाको मुख्य सार हो । समाजमा उत्पादनका साधनहरूमा पुँजीपतिको वर्चश्व र सीमित उत्पादनका साधनले गर्दा वर्ग-वर्ग बीच सङ्घर्ष हुने गरेको छ । अध्ययन गरिएको क्षेत्र विराटनगर उपमहानगरपालिका वडा नं. ५ खार्जी अन्तर्गत रहेका दलित मुसहर जातिहरूको बारेमा भन्नुपर्दा यस स्थानका दलितहरूको जीवनसँग मार्क्सवादी अवधारणा मेल खाएको देखिन्छ । समाजमा साधन र स्रोतको कमी छ । आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृति, मनोवैज्ञानिक र

शैक्षिक पहुँच भएका व्यक्तिले समाजलाई नियन्त्रणमा राखेको समाजमा रहेका उच्च जात जातिहरूबाट तल्लो जात खास गरी दलित जाति शोषित देखिन्छ । स्रोत र साधनको असमान वितरण भएको अनुभूति कथित दलित वर्गले गर्न थालेको पाइन्छ ।

माथिको भनाईबाट के प्रष्ट हुन्छ भने समाजमा स्रोतको सीमितता, गरिबीले गर्दा तथाकथित दलितहरू समाजमा द्वन्द्व गर्न बाध्य भएका छन् । समाजमा बलियाले निर्धालाई थिचोमिचो गर्ने, हेप्ने, शोषण गर्ने परम्परालाई सहन नसकी द्वन्द्व गर्न बाध्य भएका त्यस परम्परा विरुद्ध कदम उठाएका छन् ।

### २.२.२ **विश्व व्यवस्थात्मक सिद्धान्त**

विश्व व्यवस्था सिद्धान्तले एउटा समाजशास्त्रीय ढाँचाको रूपमा विश्व व्यवस्थामा रहेका विभिन्न राष्ट्रहरूको अन्तर्सम्बनधको विश्लेषण गर्दछ । यो ढाँचा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कार्ल मार्क्सको पुँजीवाद र ऐतिहासिक उपनिवेशवादको व्याख्याबाट प्रभावित र विश्व व्यवस्था ढाँचाले विश्वका विभिन्न देशहरू बीच समाजिक, आर्थिक, राजनीतिक सम्बन्धको बारेमा विश्लेषण गर्दछ । यस सिद्धान्तको उवधारणाको विकास मूल रूपमा  सन् १९७० को दशकमा वालेस्टाइनले गरेका छन् । अतः यिनलाई नै यस सिद्धान्तलको संस्थापन मानिन्छ । यस सिद्धान्तलाई केही विद्वानहरूले परनिर्भरताको सिद्धान्त र नव-मार्क्स-वादसँग पनि जोडेका छन् ।

इमानुएल वालरस्टाइनले विश्वलाई तीन तहमा विभाजन गरेका छन् -

१. केन्द्र

२. अर्थ पृष्ठ र

३. पृष्ठ क्षेत्र, ।

केन्द्र विश्व व्यवस्थापन प्रभुत्वशाली स्थान रहेको छ । अर्धपृष्ठ र पृष्ठक्षेत्र जसलाई तेस्रो विश्वका राष्ट्रहरू पनि भनिन्छ र तिनीहरूसँग धन र प्रभुत्व कम हुने गर्दछ । अझ तुलनात्मक रूपमा हेर्ने हो भने सबैभन्दा निर्धन र विकासउन्मुख राष्ट्रको

रूपमा पृष्ठक्षेत्र रहेको छ । वालस्टाइको विश्लेषण यदि तीन राष्ट्रको अन्तर्सम्बन्ध र प्रभावमा आधारित छ । केन्द्र र अर्धपृष्ठ राष्ट्रले पृष्ठक्षेत्रका राष्ट्रबाट सस्तो दाममा कच्चा पदार्थ आयात गरी त्यसबाट महँगो वस्तुको निर्माण गर्दछ र पृष्ठक्षेत्रमा निर्यात गर्दछ । यसले गर्दा व्यापारमा असन्तुलन बढ्न गएर कालान्तरमा अविकास र परनिर्भरता बढ्दछ र गरिब राष्ट्र अझ गरिबीको खाडलमा धस्रिदै जान्छ ।

नेपाली समाजमा रहेका दलितहरूलाई यदि सिद्धान्तमा आधार मानेर व्याख्या गर्दा नेपालमा दलितहरू प्रति गर्ने व्यवहार, भिन्दा-भिन्दै पाइन्छ । कुनै क्षेत्रमा दलितहरू प्रति गर्ने भेदभाव तथा छुवाछुत जस्तो अमानवीय व्यवहार अत्यधिक पाइन्छ भने कुनै क्षत्रेमा कम पाइन्छ ।

जसरी नेपाल धरातलीय रूपमा असमान छ, त्यसै गरी नै गैरदलितले दलितहरूलाई गर्ने व्यवहारमा पनि असमानता पाइन्छ । यस अध्ययनमा विकट पश्चिमी क्षेत्र, मध्य क्षेत्र र पूर्वी क्षेत्रलाई क्रमशः केन्द्र, अर्ध पृष्ठ र पृष्ठ क्षेत्र मानिसको छ । जहाँ विकट पश्चिमी क्षेत्रमा अत्यधिक रूपमा छुवाछुत तथा भेदभावका कट्टर मानिसहरूको बसोबास गरेका छन् । त्यस स्थानमा कथाकथित दलितहरूलाई मन्दिर तथा सार्वजनिक स्थलमा जान निषेधित गरिएको छन् । विकट पश्चिमी क्षेत्र जस्तै : बैतडी, डोटी, बझाङ्ग, बाजुरा, रोल्पा, रूकुम आदि स्थानहरूमा दलितहरूका लागि मन्दिर कुवा, पानी पँधेरा जान निषेध छ र गई हाले पनि शुद्ध पानी छर्कने प्रथा कायमै रहेको छ ।

त्यसैगरी अर्धपृष्ठ र पृष्ठ क्षेत्रका मानिसहरू मध्य क्षेत्र र पूर्वी क्षेत्र सापेक्षिक रूपमा राजनीतिक आर्थिक, धार्मिक, बौद्धिक, सांस्कृतिक र अन्य क्षेत्रमा विकसित छ । मध्य क्षेत्र जस्तै - काठमाडौंमा आधुनिकीकरण, सहरीकरण र मानिसहरूको व्यवस्थाले छुवाछुतमा बेवास्ता गरेको पाइन्छ  । त्यहाँका रैथाने, सार्की कामीको अवस्था राम्रो रहेको छ । जनसङ्ख्या र जनधन भएको कारणले गर्दा त्यहाँका दलित नै हुन भनी जातीय पहिचान गर्न सकिदैन । उनीहरू आफ्नो जातीय पहिचान लुकाएर रहेका हुन्छन् । मध्य क्षेत्रमा रहेका सहरी क्षेत्रमा भन्दा पहाडी तथा ग्रामीण क्षेत्रमा जातीय

भेदभाव बढी रहेको छ । त्यस्तै पूर्वी क्षेत्रमा जातीय भेदभाव तथा छुवाछुतमा केही लचिलो व्यवहार भएको पाइन्छ ।

अध्ययन गरिएको क्षेत्र पूर्वी क्षेत्र मोरङ्ग जिल्ला, उपमहानगरपालिका वडा नं. ५ खार्जीमा रहेको छ । उक्त क्षेत्रमा दलित तथा गैर दलितका बाहुल्यता लगभग बराबरी रहेको छ । यस क्षेत्रमा रहेको दलितहरूको अवस्थाको बारेमा भन्नुपर्दा यहाँ दलितहरूलाई गैरदलितले गर्ने भेदभावमा कमी आइरहेको छ । यहाँ कुनै पनि अमानवीय घटना दलितहरूमा घटेको छैन ।

दलितहरूलाई गैरदलितहरूले गर्ने व्यवहारमा केही लचिलोपनमा आएको छ । शिक्षाको महत्व सबैलाई थाहा पाएपछि त्यहाँको शैक्षिक अवस्था अत्यन्त न्यून रहेको छ । त्यहाँका दलितहरूले खुल्ला रूपले बाहिर गएर काम गर्न पाएका छन् । त्यहाँ रहेका गैरदलितहरूले दलितहरूलाई आफ्नो घरायसी काम लगाएर पैसा तथा खान दिने गरेका छन् । यसबाट प्रष्ट हुन्छ कि, नेपाली समाजमा दलितहरूलाई गर्ने व्यवहार हेर्ने दृष्टिकोण क्षेत्र अनुसार फरक फरक पाइन्छ ।

यसरी स्नातकोत्तर उपाधिको लागि तयार पारिएको शोधपत्र बाहेक मुसहर जातिको मात्र विस्तृत अध्ययन गरिएको पाईदैन त्यसैले यस जातिको सामाजिक र आर्थिक अवस्थामा सरकारले पारेको सकारात्मक प्रभावका बारेमा अध्ययन अनुसन्धान नभएको वा नगरिएको हुँदा यी सामग्रीको अवलोकनद्धारा  यो अध्ययन उक्त शोध अभावलाई पुरा गर्ने ध्येय लिईएको छ ।

# अध्याय–तीन

## अनुसन्धान विधि

कुनै पनि क्षेत्र वा बिषयसंग सम्बन्धित तथ्यहरूको सम्बन्धमा क्रमबद्ध एवम् ब्यवस्थित तरिकाबाट अपनाउने अनुसन्धानको प्रक्रियालाई अनुसन्धान बिधि भनिन्छ । यसले अध्ययन र अनुसन्धानमा गरिने प्रक्रियाको ब्याख्या गर्दछ । यस अध्यायमा अनुसन्धान ढाँचा अध्ययनको श्रोत तथा नमुनाको छनौट तथ्याङ्कको श्रोत तथा संकलन प्रबिधि साथै अनुसन्धानको विश्लेषण प्रस्तुतिबाट प्रकाश पारिएकोछ ।

### ३.१. अध्ययन क्षेत्र छनौटको औचित्य

कुनै पनि बिषयबस्तु असीमित हुन्छ । त्यसैले सामाजिक अनुसन्धानको कार्य निकै व्यापकर हुने हुनाले कुनै एउटा अध्ययनले समग्र भौगोलिक क्षेत्रलाई समेट्न नसक्ने हुँदा अध्ययनको लागि मोरङ्ग जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. ५ लाई आधार मानिएको छ । अहिले सम्म मुसहर समुदायको सामाजिक, आर्थिक अवस्था जस्ता विभिन्न पषहरुमा अध्ययन अनुसन्धान गरिएता पनि मुसहर जातिका लागि राज्यद्वारा गरिएको सकारात्मक विभेदको बारेमा अध्ययन तथा शोध खोज गरिएको भेटिँदैन । कुनै पनि समाजको परिवर्तन त्यस देशद्वारा गरिने सकारात्मक विभेदमा निर्धातिर रहन्छ ।

मोरङ्ग जिल्ला खार्जि टोलमा मुसहर जातिको बस्ती बाक्लो रहेको, अन्य क्षेत्रको तुलनामा यहाँका मुसहरहरुको बाहिरी समाजसँग बढी सम्पर्क, शिलाको स्तर राम्रो, आर्थिक अवस्थामा निकै परिवर्तन भएको देख्न सकिनछ । अनुसन्धान दृष्टिले भौगोलिक हिसाबमा पनि अध्याधिक नजिक रहेको छ भने यस क्षेत्रमा अहिलेसम्म मुसहरहरुको राज्यद्वारा गरिएको सकारात्मक विभेदका सम्बन्धमा अध्ययन अनुसन्धान भएको पाइदैन । त्यसैले यस क्षेत्र अध्ययनका निम्ति निकै महत्वपूर्ण मानिन्छ ।

त्यसैले बिषयबस्तुको अध्ययन गर्दा त्यस बिषयबस्तुलाई एउटा दायरामा ल्याएर अध्ययन गर्न आवश्यक पर्दछ । त्यसैले दलित समुदाय बीच रहेको बिद्यमान समस्या तथा तिनीहरूको हितमा गरिने सकारात्मक कार्यहरुको के कस्ता छन् ? राज्यबाट के कस्ता खालका कार्यक्रम सञ्चालन भएका छन्  भन्ने कुराको अध्ययन गर्नका लागि निश्चित समय, श्रोत, साधन र सुरक्षाको हिसाबले पनि सजिलो हुने गरी यस अध्ययनमा तराईका मुसहर जातिहरूको बिराटनगर उपमहानगरपालिका वडा नं ५ मा रहेका दलित समुदायमा रहेको बिद्यमान समस्या र त्यहाँ कस्ता खालका सकारात्मक कार्य भएका छन् भन्ने कुराको निम्न परिधि तथा सीमामा रहेर अध्ययन तथा अनुसन्धान गरिएको छ ।

(क) यो अध्ययन मोरङ्ग जिल्ला बिराटनगर उपमहानगरपालिका वडा नं ५ मा रहेका मुसहरहरूमा मात्र सीमित रहेको छ ।

(ख) उत्तरदाताको उमेर १८ बर्ष वा सो भन्दा माथिको रहेको छ, किनकी यो उमेर समूहका व्यक्तिहरु प्रायः सबै विवाहीत अर्थात घरमूलीसँग मात्रै अन्तर्वाता लिइएको थियो । यस उमेर समूहका मुसहहरु सक्रिय जनसंख्या कृषि, व्यापार, व्यवसाय, रोजगारी पेशाा आदि सम्लग्न आत्मनिर्भर जनसंख्या भएको हुनाले यस उमेर समूहको जनसंख्यालाई उत्तरदाताको रुपमा संलग्न गरिएको हो ।

(ग) मोरङ्ग जिल्ला उपमहानगरपालिका वडा नं ५ मा रहेका महिला तथा पुरूष दुवैलाई उत्तरदाताको रूपमा सहभागी गराइएको छ, किनकी मुसहर समुदायका महिला तथा पुरुषहरु समान प्रतिनिधित्व गराउनका लागि महिला पुरुष दुवैलाई उत्तरदाताको रुपमा सम्लग्न गराएको छु ।

(घ) राज्य बाहेक अन्य गैह्र सरकारी संस्थाहरूले त्यस क्षेत्रमा दलितका लागि गरिएको सकारात्मक कार्यको अध्ययन गरिएको छ ।

## ३.२. अध्ययनको ढाँचा

अध्ययनको बिषय दलित जातिहरूका लागि भएको सकारात्मक पहल र त्यसको असरलाई प्रष्टयाउनु रहेकोले बिभिन्न अध्ययन बिधिहरूबाट प्राप्त प्राथमिक तथा द्धितीय श्रोतका तथ्याङ्कहरू संकलन गरी दलित जातिहरूको जनजीवनको विश्लेषण गरी बिभिन्न संघ संस्था तथा सरकारी  स्तरका सकारात्मक विभेदका बारेमा अध्ययन गरिएको छ ।

कुनै पनि अनुसन्धानको योजना संरचना र रणनितिलाईनै अनुसन्धान ढाँचा भनिन्छ । यस अध्ययनमा प्रश्नावली, अन्तरवार्ताको माध्यमबाट नमुना क्षेत्रमा नै गई तथ्याङ्क संकलन गरिएको छ । प्रस्तुत अध्ययन वर्णनात्मक ढाँचाको रहेको छ । साथै त्यसलाई खोजमूलक तरिका अपनाई विभिन्न पत्रपत्रिका, पुस्तक, दस्तावेज जस्ता सामग्रीहरुको आधारमा अन्वेषणात्मक विधि अपनाइएको छ । व्यक्तिहरुको अनुभव र विचार संकलन गरिएको छ ।

## ३.३. तथ्याक्तकको श्रोत र प्रकृति

यस अध्ययनका निम्ति प्राथमिक र द्धितीय दुवै तथ्याङ्कहरू संकलन गरिएको छ । प्राथमिक श्रोत अन्तरगत तथ्याङ्क संकलन गर्न अन्तर्वार्ता छलफल, प्रश्नोत्तर तथा अवलोकन जस्ता बिधिहरू अपनाई सुचना प्राप्त गर्ने कार्य गरिएको छ ।

द्धितीय श्रोत अर्न्तगत दलित जातिका बारेमा लेखिएका सन्दर्भ पुस्तक र बिभिन्न पत्र पत्रिकामा प्रकाशित लेख रचनाहरू तथा दलित जातिको बारेमा जान्ने, बुझ्ने स्थानीय बुद्धिजिवी, स्थानीय, शिक्षक बुढापाकाहरूसंग छलफल गरी तथ्याङ्क संकलन गर्ने कार्य गरिएको छ ।

### (क) प्राथमिक तथ्याक्त संकलन

अध्ययन क्षेत्रका प्राथमिक तथ्याङ्को श्रोतहरूमा मुसहर जातिहरूसंगको अर्न्तवार्ता, समाजसेवी, शिक्षक बिद्धवान नै प्रमुख रूपमा रहेको छ । प्राथमिक श्रोतबाट संकलित तथ्याङ्कहरूलाई मुसहर जातिको लागि राज्यले गरिएका सकारात्मक कार्यहरूको प्रभावको अन्वेषण तथा विश्लेषण गर्नको लाीग प्रयोग गरिएको छ ।

### (ख) द्धितीय तथ्याक्त संकलन

द्धितीय तथ्याङ्को श्रोतहरूमा बिभिन्न किताब, पत्रपत्रिका पर्दछन् । कतिपय कुराहरू प्रकाशित अवस्थामा पाईन्छ भने कतिपय अप्रकाशित रूपमा पनि हुन्छन् । त्यस्तै कतिपय अनुसन्धानात्मक लेख रचना शोध काब्य ज्यादै महत्वपुर्ण हुन्छन् । त्यसैले द्धितीय तथ्याङ्क संकलनको लागि बिभिन्न पुस्तक लेख रचना, शोधपत्र र पुस्तकालय आदिबाट जानकारी लिई तथ्याङ्क प्रस्तुत गरिएको छ ।

## ३.४. नमुना छनौट प्रक्रिया

यस नमुना छनौटका लागि बिराटनगर उपमहानगरपालिका वडा नं ५ का दलितको प्रतिनिधित्व गरेकी छु । समय र आर्थिक श्रोतको सीमितताको कारण कुनै पनि कार्य गर्दा त्यससंग सम्बन्धित सम्पुर्ण जनसंख्यालाई संलग्न गरी अध्ययन गर्न कठिनाई हुने हुँदा नमुना छनौट गर्दा दैवी नमुना छनौटको आधारमा जम्मा १०५ घरधुरीबाट ५० घरधुरीलाई नमुना छनौट गरी समग्रताको अध्ययन अनुसन्धान गरिएको छ । जसमा १०५ घरधुरीमा ५८१ जनसंख्या रहेको छ भने ५० घरधुरीमा जम्मा जनसंख्या २६२ रहेको छ ।

## ३.५. तथ्याक्त संकलन बिधि

### ३.५.१ अन्तरवार्ता

अन्तरवार्ता प्राथमिक तथ्यांक सङ्कलनको लागि एक महत्वपूर्ण विधि हो । यो विधीमा निश्चित प्रश्नहरुको सूचि वनाई दलितहरुका लागि राज्यबाट गरिएका

सकारात्मक विभेदको प्रभावका बारेमा सम्बन्धित ठाउँका दलित मुसहरहरु का साथै त्यस ठाउँका शिक्षक, कर्मचारी, विद्धान, समाजसेवि आदि समक्ष सोधपुछ गरि मुसहर जातिको बारेमा जानकारी लिइएको छ।

### ३.५.२ अवलोकन

कुनैपनि अध्ययन अनुसन्धान गर्दा आवश्यक पर्ने तथ्यांक संकलन विधि मध्येको एक अवलोकन विधि पनि हो । यस विधि खासगरी अवलोकन कर्ता सम्बन्धित क्षेत्रमा सहभागी भई प्रत्यक्ष अवलोकन बाट तथ्यांक संकलन गर्ने गरिन्छ। अवलोकन कर्ताले मुसहरजातीको बारेमा अध्ययन गरि राज्यले गरेका सकारात्मक विभेदको प्रभाव बारेमा के कस्ता खालका सुविधाहरु प्राप्त गरेका छन् सो को अवलोकन गरेको छु।

### ३.५.३ प्रश्नावली

कुनैपनि अध्ययन अनुसन्धान गर्दा प्राथमिक तथ्यांकको आवश्यकता पर्दछ । यस अनुसन्धानको लागि अध्ययन क्षेत्रको प्राथमिक तथ्यांक संकलन गर्नको लागि विराटनगर उपमहानगरपालिका वडा नं. ५ का मुसहर जातिहरुसंग प्रत्यक्ष भेटि अर्धसंरचनात्मक प्रश्नावली तयार पारि तथ्यांक संकलन गरिएको छ।

## ३.६. तथ्याक्त ब्याख्या तथा विश्लेषण

अध्ययनका लागि संकलन गरिएका आवश्यक तथ्याङ्कहरूलाई बर्गिकरण गरी आवश्यकता अनुसार निश्चित र स्पष्ट तालिका बनाई विश्लेषण गरिएको छ। प्राप्त तथ्याङ्कहरूलाई आवश्यक अनुसार तालिकिकरण गरिएका छ। गुणात्मक तथ्याङ्कहरूलाई यथोचित अर्न्तगत मात्रात्मक तथ्याङ्कमा परिवर्तन र विश्लेषण गरिएको छ।

३.७ अध्ययन क्षेत्रमा संगालिएका अनुभवहरु

प्रस्तुत शोधपत्र एक समाजशास्त्रीय अध्ययन भएकोले यसमा सम्पूर्ण विराटनगर उपमहानगरपालिका वडा नं. ५ खार्जि टोलका मुसहर जातिमा आधारित रहि

“मुसहरहरुका लागि राज्यबाट गरिएका सकारात्मक विभेद” को अध्ययन गरिउको छ।जसले गर्दा यो कार्यको शुरुवातदेखी समाज नभएसम्म केही समस्या र अनुभवहरु पनि पाइएका छन् ।

मुसहर समाज तथ्यहरु संकलन गर्न जाँदा यस भनदा अगाडि उनिहरुमा विभिन्न संघसंस्थाहरु व्यक्तिहरुले यसरी नै सोधपुछ गरी गएको र आफूहरुलाई केही पनि प्रतिफल नपाएको उनिहरुको गुनासो थियो । यस क्रममा कतिपय मुसहरहरुले त तथ्याङ्क तथा अनय जानकारी दिन नै धेरै गाऱ्हो मानेको पाइयो । साथै कसै कसैले त तथ्याङ्क तथा जानकारी दिएवापत केही रकमको खपेक्षा पनि गरेको पाइयो । त्यस्तै कतिपयले चाहिँ सजिलै कुरा बुझी अध्ययन कर्ताले प्रश्न सोध्नुभन्दा अगाडि नै उत्तर दिएको पनि पाइयो ।

उनिहरुलाई तथ्याङ्क संकलनमा आएको रहेछ भन्ने थाहा पाएपछि अल्लि बेवास्ता गरेजस्तो पाइयो, जसले गर्दा सत्य तथ्य विवरण उपलब्ध हुन अलि गाऱ्हो भए जस्तो भयो । उनिहरुलाई कसैले ‘मुसहर’ भनेर सम्बोधन गरे भने पनि रिसाउने गरेको भेटियो । उनिहरुलाई मुसहर होइन ऋषिदेव भन्दा राम्रो लाग्ने रहेछ भन्ने मुसहर गरीयो ।

मुसहर समाजमा रहेका सक्रिय जनशक्तिहरुलाई प्रायः भेट गर्न कठिनाई भयो किनभने उनिहरु बिहान १० बजे देखी काममा हिडिसक्ने हुनाले उनिहरुको घरका मानिसहरुलाई सबैकुरा थाहा नहुने हुनाले विवरण संकलन गर्न कठिनाई भयो । साथै दिउासो तिर घरमा बुढाबुढी तथा साना साना बाल बच्चाहरु मात्रै भेटिन्थ्यो तसर्थ सत्य तथ्य विवरण पत्ता लगाउन साँझ ५ बजेपछि वा शनिबार पारेर उनिहरुलाई भेट्नुपर्ने थियो ।

मिन धिताल सँगको सामान्य चिनजानको कारण स क्षेत्रका मुसहरहरुको बारेमा सामान्य जानकारी लिई उहाँ मार्फत अरु स्थानियहरुको फुर्सदको समयपारी त्यस क्षेत्रमा गई उनिहरुलाई भेटी तथ्याङ्क संकलन कार्य गरिएको छ । अध्ययनको क्रममा

विभिन्न समस्याहरु देखिए तापनि आफ्नो व्यस्त समयको बाबजुदपनि समय निकाली अत्यन्त चासो पूर्वक मैले सोधेका प्रश्नहरुको उत्तर दिई सहयोगी भावना भएका उत्तरदाताहरु पनि भेटिए ।

# अध्याय चार

## अध्ययन क्षेत्रको परिचय

### ४.१ मोरङ जिल्लाको परिचय

पूर्वाञ्चलकै ऐतिहासिक गौरब बोकेको जनसंख्याको दृष्टिकोणले नेपालको दोस्रो जिल्ला मोरङ प्राचिनकालमा विराट राजाको राजधानीको रुपमा रहेको थियो भन्ने भनाई छ । कालान्तरमा यसै जिल्लामा 'हाङ' नामक किराती राजाले राज्य संचालन गरेको पाइन्छ । त्यसवेला यस प्रशासन क्षेत्रलाई 'मावारङ' भनिन्थ्यो । मावारङ्ग भन्ने शब्द नै अपभ्रंश भई मोरङ्ग भन्न थालिएको हो भन्ने किंवदन्ती रहेको पाइन्छ । नेपाल अधिराज्यको ७५ जिल्ला चौध अञ्चल मध्ये कोशी अञ्चलको ६ वटा जिल्लामा सबै भन्दा विकसीत जिल्लाको रुपमा रहेको मोरङ जिल्ला कोशी अञ्चलकै सदरमुकामको रुपमा रहेको छ । औद्योगिक नगरीको रुपमा परिचित यस जिल्लामा नेपालको पहिलो र ठुलो उद्योग विराटनगर जुट मिल पनि पर्दछ ।

मोरङ जिल्लाको आकृति उत्तर दक्षिण लम्बाईमा झण्डै वर्गाकार आकारको छ । जमीनको बनावट अनुसार यस जिल्लामा पहाडी क्षेत्र, भावर क्षेत्र र तराई क्षेत्र रहेको छ । उष्ण, अर्धउष्ण र समेशीतोषण हावापानी भएको यस जिल्लामा अधिकांश तापक्रम ४२$^{0}$ से. देखि न्यूनतम ३$^{0}$ से. सम्म पुग्दछ । उचाईको हिसावले ६० मिटर देखि लगभग २४१० मिटरसम्मको भुभाग अवस्थित रहेको छ ।

मोरङ्ग जिल्ला १८५५ वर्ग किलोमिटर चारपाटे आकारले फैलिएको छ । यस जिल्लाको पूर्वमा झापा र इलाम जिल्ला, उत्तरमा धनकुटा र पाँचथर जिल्ला, पश्चिममा सुनसरी जिल्ला तथा दक्षिणमा भारतको विहार प्रान्तले घेरिएको छ ।यो जिल्ला २६$^{0}$२०' उत्तर देखि २६$^{0}$५३' उत्तर अक्षश र ८७$^{0}$१६' पूर्वदेखि ८७$^{0}$४१' पूर्व

देशान्तरम पर्दछ । विराटनगरलाई नेपालकै ठूलो औद्योगिक क्षेत्रको रुपमा पनि चिनिन्छ । विराटनगर मोरङ्ग जिल्लाको एकमात्र र नेपाल अधिराज्यको ४ वटा उपमहानगरपालिका मध्येको एक उपमहानगरपालिका हो । मोरङ्गको जनसंख्या २०६८ सालको जनसंख्या अनुसार ९६५३७० जिल्लाको एकमात्र नगरपालीकाको रुपमा विराटनगर उपमहानगरपालिका र ६५ वडा गा.वि.सहरु छन् यस जिल्लाको क्षेत्रफल १८५५ वर्ग किलोमिटर छ (राष्ट्रिय जनगणना, २०६८) ।

## ४.२ खारजी टोल वडा नं. ५ को परिचय

विराटनगर उपमाहानगरपालिका वडा नं. ५ मा अवस्थित खारजी कोवारा विराटनगर बजारको उत्तरपश्चिममा पर्दछ । धरान, विराटनगर, राजमार्गको पश्चिम पट्टि पर्ने हुँदा उक्त राजमार्गले वडा सिमानाको काम पनि गरेको छ । उत्तरमा टंकीसिनुवारी गा.वि.स दक्षिणमा वडा नं. ६, पुर्वमा वडा नं. ४ र पश्चिममा केशल्या खोला चारकिल्ला भित्रको उत्त वडा दलित तथा आदिवासीहरुको वडाका रुपमा चिनिन्छ । धेरै संख्यामा थारुहरु छन् भने अन्य जातिमा राजवंशी, मुसहर, डोम र केही मात्रामा ब्राम्हण क्षेत्रीको वसोवास यो वडामा देख्न पाइन्छ ।

जामुन गाछी, इकराही लगायतका विभिन्न टोलमा विभत्त यस वडामा दुध फारमबाट उत्तर, वडा नं. ४ वाट पश्चिम विराटनगर उपमहानगरपालिकाको उत्तरी सीमामा, टाढाबाट दक्षिण वस्ताहा टोलबाट पश्चिम रहेको पुरानो टोलवस्ती वास्तविक खारजी टोल धरान विराटनगर भक्ति राजमार्गबाट करिब ६०० मिटर पश्चिम पट्टि मुलबाटोबाट दक्षिणमा अवस्थित दक्षिण टोलमा २१ घरधुरीमा ४१ पुरुष ४३ महिला गरी ८४ मुसहर बसोवास गर्दछन् भने उत्तरटोलमा ६० घरधुरीमा १७६ पुरुष र १६९ महिला गरी ३४५ मुसहर बसोबास गर्दछन् । तथा नहरपारी टोलमा २४ घरधुरीमा ६३ पुरुष र ८७ महिला गरी १५२ को संख्यामा मुसहरहरुको वस्ती रहेको छ । जसमा मुसहरी टोलको रुपमा अलग्गै पहिचान छ ।

**तालिका नं. १**

**जिल्लाको लैङ्गीक आधारमा जनसंख्या विवरण**

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला | ४९८६५८ | ५१.६५% |
| २. | पुरुष | ४६६७१२ | ४*.३५% |
| | जम्मा | ९६५३७० | १००% |

केन्द्रिय तथ्याङ्क विभाग, २०६८

माथिको तालिका अनुसार यस जिल्लामा जम्मा जनसंख्या ९६५३७० जना रहेका छन् । जसमा पुरुषको जनसंख्या ४६६७१२ अर्थात ४८.३५ प्रतिशत र महिलाको ४९८६५८ अर्थात ५१.६५ प्रतिशत रहेको छ । यसबाट के प्रष्ट हुन्छ भने यस जिल्लामा महिलाको जनसंख्या ३.३% ले बढी रहेको छ ।

**तालिका नं. २**

**धर्मको आधारमा जनसंख्या विवरण**

| धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ७७४९०५ | ८०.२७ |
| बौद्ध | ३९८७३ | ४.१३ |
| इस्लाम | ४५७५५ | ४.७३ |
| किरात | ६३२१३ | ६.५४ |
| क्रिस्चियन | १५८४९ | १.६४ |
| प्रकृति | २१७५५ | २.२५ |
| वोन | ९४ | ०.००९ |
| जैन | ९७० | ०.१३५ |
| बहि | २३५ | ०.०२४ |
| सिख | २१ | ०.००२ |
| उल्लेख नभएको | २७०० | ०.२७ |
| जम्मा | ९६५३७० | १००% |

केन्द्रिय तथ्याङ्क विभाग २०६८

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने मोरङ्ग जिल्लामा धर्मको आधारमा जनसंख्या विवरण हेर्दा सबैभन्दा बढी हिन्दु धर्म मान्नेको संख्या ७७४९०५ रहेको छ, भने सिख धर्म मान्नेको संख्या सबै भन्दा थोरै २१ जना रहेको छ । जसको प्रतिशतमा

हिन्दु धर्म मान्ने ८०.२७% र सिख धर्म मान्नेको ०.००२ रहेको छ । मोरङ्ग जिल्लामा २७०० जनसंखयको बारेमा कुनै पनि धर्म उल्लेख भएको देखिदैन ।

**तालिका नं. ३**

**मुसहरहरुको जनसंख्या विवरण स्थिती**

| टोल | घरधुरी | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| दक्षिण टोल | २२ | ४१ | ४३ | ८४ | १४.४५ |
| उत्तर टोल | ६० | १७६ | १६९ | ३४५ | ५९.३० |
| नहरपारी टोल | २३ | ६३ | ८९ | १५२ | २६.१६ |
|  | १०५ | २८० | ३०१ | ५८१ | १००% |

स्रोत स्थलगत अध्ययन २०७०

**तालिका नं. ४**

**मुसहर जातिको उमेर गत जनसंख्या विवरण**

| उमेर समुह | कूल जनसंख्या | प्रतिशत | महिला | प्रतिशत | पुरष | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-४ | २८ | १०.६८ | १८ | ६.८७ | १० | ३.८१ |
| ५-१४ | ६० | २२.९० | ३८ | १४.५० | २२ | ८.३९ |
| १५-५९ | १६० | ६१.०६ | ८९ | ३३.९६ | ७१ | २७.०९ |
| ६० भन्दा माथि | १४ | ५.३४ | ४ | १.५२ | १० | ३.८१ |
| जम्मा | २६२ | १००% | १४९ | ५६.९०% | ११३ | ४३.१०% |

स्रोत स्थलगत अध्ययन २०७०

यसरी माथिको तालिकालाई अध्ययन गर्दा उमेरगत आधारमा जनसंख्याको विवरण प्रष्ट हुन्छ । यस तालिकाबाट के प्रष्ट हुन्छ भने उमेरगत आधारमा हेर्दा अध्ययन क्षेत्रमा ६० भन्दा माथी उमेर समुहको जनसंख्या सबैभन्दा कम देखिन्छ अर्थात ५.३४ प्रतिशत देखिन्छ । यस उमेर समूहका मानिसहरमा व्यवसाय तर्फ भुकाव देखिदैन उमेरगत कारणलेयी मानिसहरु घरभित्रै सिमित देखिन्छन् । १५ देखि ५९ उमेर समुहको ६१.०६ प्रतिशत देखिन्छ यो उमेर समुहका मानिसहरु कृषि पेशा, व्यवसाय, रोजगारी र विहान वेलुका मुसा मार्ने कार्यमा संलग्न देखिन्छन् । त्यस्तै ५-

१४ र ०-४ उमेर समुहका मानिसहरुको प्रतिशत क्रमश २२.९०, १०.६८ प्रतिशत देखिन्छ ।

# अध्याय : पाँच

## तथ्यांक विश्लेषण तथा प्रस्तुतिकरण

यस अध्ययनमा मोरङ्ग जिल्ला उपमहानगरपालिका वडा नं. ५ खारजी मा रहेका मुसहर समुदायको विभिन्न पक्षसँग सम्बन्धित रहेर प्रश्नावली अन्तर्वार्ता, अवलोकन अध्ययन गरी जानकारी प्राप्त गरिएको तथ्यांकलाई व्याख्या तथा विश्लेषण गरी तालिका प्रस्तुत गरिएको छ ।

### ५.१ सामाजिक अवस्था

### ५.१.१ उत्तरदाताको उमेरगत विवरण

कुनै पनि अध्ययन तथा अनुसन्धान उत्तरदाताको उमेरले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अध्ययन गरिएको विषयवस्तुको बारेमा उत्तरदातालाई जानकारी हुनु पर्दछ तसर्थ यस अध्ययनको मुख्य उद्देश्य दलितहरूका लागि राज्यद्वारा गरिएको सकारात्मक विभेदको बारेमा जानकारी लिन वा दिनको लागि अठार वर्ष वा सो भन्दा माथि उमेर समूहलाई उत्तरदाताको रूपमा लिइएको छ । यहाँ उत्तरदाताको उमेर मुख्य गरी १० वर्षको अन्तरविभाजन गरी राखिएको छ । जसलाई तालिका अनुसार देखाइएको छ :-

**तालिका नं. ५**

**उत्तरदाताको उमेरगत जनसङ्ख्या विवरण**

| क.सं. | उमेर | महिला | पुरूष | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २०-३० | ३ | ४ | ७ | १४ |
| २ | ३०-४० | १३ | १२ | २५ | ५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ४०-५० | ३ | १० | १३ | २७ |
| ४ | ५० वा सो भन्दा माथि | १ | ४ | ५ | १० |
| जम्मा | | २० | ३० | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

यस अध्ययनमा जम्मा ५० जना दलितहरूलाई नमुना छनोटको रूपमा लिइएको छ । ५० जना उत्तरदाताहरूबाट यस अध्ययनको उद्देश्य पूरा हुने गरी उत्तर सङ्कलन गरिएको छ । प्रस्तुत माथिको तथ्यांकमा उत्तरदाताको उमेर समूहलाई १० वर्षको अन्तरालमा विभाजन गरी राखिएको छ । २०-३० उमेरका ७ जना जसमा ३ महिला ४ पुरूष अर्थात् १४%, ३०-४० उमेर समूहमा २५ जना जसमा १३ महिला १२ पुरूष अर्थात् ५०%, ४०-५० उमेर समूहमा १३ जना जसमा ३ महिला १० पुरूष अर्थात् २७% र ५० वा सो भन्दा माथि ५ जना जसमा १ महिला ४ पुरूष अर्थात् १०% रहेका छन् ।

### ५.१.२ पेसाको आधारमा उत्तरदाताको जनसङ्ख्या विवरण

धर्मको आधारमा जातजाति र जातजातिकै आधारमा पेसा छुट्याउने चलन परम्परादेखि नै चल्दै आएको छ । ब्राम्हणले जजमानी, सजिलो कार्य गर्ने, क्षेत्रीहरूलाई प्रशासनिक कार्य गर्ने, वीरले गर्ने कार्य गर्ने त्यस्तै समाजमा कथित दलितहरूले सबैभन्दा तल्लोस्तरको कार्य गर्ने, फोहोरी कार्य गर्ने जस्ता कार्य धर्मले नै छुट्याएको छ । त्यसैले गाउँ समाजमा अहिले पनि दलितहरूलाई न्यूनस्तरको कार्य गर्न लगाउने, तल्लो जात त हो नी भनेर आफूले गर्न घिन लागेको कार्य गर्न लगाउने जस्ता परम्परा चलि आएको छ । ग्रामीण क्षेत्र, तराईका विभिन्न क्षेत्रमा दलितहरूको पेसागत अवस्था कमजोरी नै रहेको छ । भने शहरी जिल्लातिर केही सुधार आएको पाइन्छ ।

### ५.१.३ धर्मको आधारमा उत्तरदाताको जनसङ्ख्या विवरण

नेपालमा ८०% भन्दा माथि दलितहरू हिन्दु धर्म मान्दै आइरहेको छन् (केन्द्रीय तथ्याङ्क विभाग २०६८) । त्यसैले पनि नेपाल अधिराज्यको विभिन्न स्थानमा बसोबास गर्दै आएको दलित समुदायहरूले पनि हिन्दु धर्म नै मान्दै आएका छन् । यस क्षेत्रमा

मुसहरहरूले पनि परम्परागत रूपमा चलि आएको हिन्दु धर्म नै मनाउँदै आएका छन् । हिन्दु धर्म अनुसारकै संस्कारहरू जस्तै :- बच्चा जन्मदा ५ दिनमा न्वारान गर्ने, मर्दा १३ दिनसम्म बार्ने, विवाह गर्ने आदि संस्कार मान्दै आएको यस क्षेत्रमा दलितहरूमा पाइएको ।

### ५.१.४ उत्तरदाताको आर्थिक अवस्था

यस क्षेत्रको उत्तरदाताको आर्थिक अवस्था हेर्दा न्यून नै देखिन्छ । त्यहाँ बसोबास गर्ने प्राय: दलितसँग निजी जमिन छैन । निजी जमिन नहुनेहरू ऐलानी जग्गा, नहरको डीलमा बसोबास गर्दै आइरहेका छन् । खेत नहुनेले अर्काको खेत अधिया गर्ने तथा खेतालाको काम गरी आफ्नो जीविका चलाउँदछन् भने कतिपयले सहरमा गएर ज्याला मजदुरी गरी आम्दानी गर्दछन् । घरमा बस्ने महिलाले तरकारी खेती गर्ने, त्यस स्थानमा रहेको उपल्ला जातिको घरमा घरेलु, काम गर्ने, पशुपालन गर्ने तथा सहरमा आएर ज्याला मजदुरी आम्दानी गर्दछन् । खेतीको समयमा उनीहरू खेत खनजोत, गोडमेल गरी आम्दानी गरे तापनि खेतीको समय सकिएपछि उनीहरू सहरमा आएर ज्याला मदुरी गर्दछन् । यति हुँदा हुँदै पनि उनीहरूलाई वर्षभरि खाने खाना जुटाउन धौ धौ हुन्छ । उत्तर दाताको आर्थिक अवस्थाको विवरण निम्न तालिकामा उल्लेख गरिएको छ ।

### ५.१.५ उत्तरदाताको शैक्षिक अवस्था

समाज विकासको महत्वपूर्ण आधार शिक्षा हो । शिक्षाले नै गर्दा समाज परिवर्तन हुने हुँदा यसले समाजको सकारात्मक ढङ्गले विकास तथा उन्नती गर्नमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि समाजको विकास कुन गतिमा भइरहेको छ भने कुराको सूचाङ्क नै शिक्षा हो । जुन समाज शिक्षित हुन्छ त्यो समाजमा रुढीवादी परम्पराले छोएको हुँदैन । त्यसैले समाजमा रहेको परम्परागत रुढीवादी तन्त्रलाई हटाई समाजमा रहेको हरेक व्यक्ति वा समूहलाई समान अवसर प्रदान गर्न शिक्षाको महत्वपूर्ण भूमिका रहेको छ ।

**तालिका नं. ६**

**उत्तरदाताको शैक्षिक अवस्था**

| क.सं. | विवरण | महिला | पुरूष | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्राथमिक | १ | ३ | ४ | ८ |
| २ | माध्यमिक | १ | २ | ३ | ६ |
| ३ | उच्च माध्यमिक | ३ | ४ | ७ | १४ |
| ४ | साक्षर | ६ | १६ | २२ | ४४ |
| ५ | निरक्षर | ९ | ५ | १४ | २२ |

स्थलगत सर्वेक्षण, २०७० ।

माथिको तालिका अनुसार उत्तरदाताको शैक्षिक अवस्था हेर्दा १४ जना जसमा ९ महिला ५ पुरूष निरक्षर अर्थात् १४% रहेको छ । यहाँ निरक्षर भनेर जसलाई मौखिक रूपमा साधारण घरायसी हिसाब राख्न आउँछ तर हस्ताक्षर गर्न आउँदैन त्यस्ता मुसहरलाई राखिएको छ । त्यस्तै साक्षर २२ जना ६ महिला, १६ पुरूष अर्थात् ४४% रहेका छन् । यहाँ साक्षार भनेर साधारण हिसाब किताब राख्ने लेख/पढ गर्न आउने दलितलाई राखिएको छ । त्यस्तै उत्तरदाताहरू मध्ये कसैले बीचमै पढाई छाडेर कामतिर लागेको हुनाले प्राथमिक माध्यमिक स्तरका पढाई मात्र क्रमश: ४ र ३ जना रहेका छन् । अर्थात् ५% र ६% रहेका छन् । उच्च माध्यमिक शिक्षा लिँदै गरेका ७ जना मध्ये ३ महिला र ४ पुरूष रहेका छन् । अर्थात् १४% रहेका छन् ।

प्रत्येक घरपरिवारका व्यक्तिहरूलाई शिक्षाको महत्व थाहा छ । उनीहरूले आफ्नो सन्तानलाई शिक्षा दिनलाई सामुदायिक विद्यालय पढाउने गर्दछन् । विद्यालयमा दलित छात्र तथा छात्राहरूलाई शुल्क लाग्दैन र नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था पनि रहेको छ । यसो हुँदा पनि पनि दलित विद्यार्थीहरूले विद्यालय जान रुचाउँदैनन् । उनीहरुलाई पढ्न मन नलागेर घरको काम घुमघाम र खेलकुद शारिरीक काममा रमाएको देखिन्छ ।

## ५.१.६ दलितहरूका लागि राज्यबाट गरिएको सकारात्मक विभेदको जानकारी

अध्ययनको क्रममा त्यस क्षेत्रमा रहेका दलितहरूलाई राज्यद्वारा उनीहरूलाई गरिएको सकारात्मक विभेद थाहा भए नभएको भनि गरिएको प्रश्नमा उनीहरूको यसप्रकार रहेको थियो ।

**तालिका नं. ७**

**दलितहरूका लागि राज्यबाट गरिएको सकारात्मक विभेदको जानकारी**

| क्र.स. | विवरण | महिला | पुरुष | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | छ | ६ | १० | १६ | ३२% |
| २. | छैन | १४ | २० | ३४ | ६८% |
| जम्मा | | २० | ३० | ५० | १००% |

स्रोत : स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका अनुसार यस क्षेत्रमा वसोवास गर्ने नमुना छनोटमा परेका १६ जना ६ महिला १० पुरुष अर्थात ३२ प्रतिशत मानिसलाई राज्यद्धारा प्रधान गरिएको विभिन्न अवसर सुविधाको वारेमा थाहा छ । त्यस्तै ३४, १४ महिला, २० पुरुष अर्थात ६८ प्रतिशत जनालाई दलितहरुका लागि राज्यद्धारा गरिएको विभेदको वारेमा थाहा छैन ।

यहाँ दलितहरुको लागि राज्यद्धारा गरिएको सकारात्मक विभेद भन्नाले दलितहरुको हक, हितका लागि दलितहरुलाई इङ्गीत गरी ल्याएका नीति तथा कार्यक्रम भन्ने बुझ्नु पर्ने हुन्छ ।

दलितहरूलाई सरकारले सकारात्मक विभेदको संरचना अन्तर्गत व्यापार/व्यवसाय, शैक्षिक क्षेत्र, सामाजिक कार्यक्रमको अवधारणा अघि सारेको छ । यस अन्तर्गत उनीहरूलाई व्यापार/व्यवसायका निमित्त प्रोत्साहन, विद्यालयमा कम्तीमा १ जना दलित शिक्षक अनिवार्य, उनीहरूको राजनीतिक आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि अभियान, निःशुल्क पठनपाठन, रोजगारमूलक तालिम जस्ता

कार्यक्रम सञ्चालन गरेको छ । साथै सरकारले दलित वर्गलाई वर्गीकृत गरी उनीहरू माथि हुने सामाजिक हेला तथा छुवाछुत अन्त्य गर्न, सकारात्मक विभेदको संरचना अन्तर्गत विभिन्न चेतनामूलक कार्यक्रमहरू सुरु गरेको छ । तसर्थ दलित समुदायलाई वर्गीकृत गरी जातीय विभेदलाई सकारात्मक रूप दिँदै सरकारले सकारात्मक काम गरेको छ ।

## ५.६ दलितहरूलाई सकारात्मक विभेद आवश्यकता

अध्ययन गरिएको क्षेत्रमा नमुना छनोटमा परेको दलितहरूलाई उनीहरूलाई राज्यद्वारा गरेको सकारात्मक विभेद, अवसर, सुविधाको आवश्यकता किन छ भनी प्रश्न सोध्दा उनीहरूको उत्तर यस प्रकार रहेको छ :

**तालिका नं. ८**

**दलितहरूलाई सकारात्मक विभेदको आवश्यकता**

| क्र.सं. | विवरण | महिला | पुरूष | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | हक तथा अधिकारको लागि | १ | ३ | ४ | ८ |
| २ | दलित समुदायको उत्थानको लागि | २ | ५ | ७ | १४ |
| ३ | समान अवसर प्रदान गर्न | ३ | ३ | ६ | १२ |
| ४ | जातीय भेदभाव हटाउन | ५ | ३ | ८ | १६ |
| ५ | गरिबी र अशिक्षा उन्मूलन गर्न | ५ | ६ | ११ | २२ |
| ६. | रोजगारी प्रदान गर्न | ४ | १० | १४ | २८ |
| जम्मा | | २० | ३० | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार दलितहरूलाई राज्यद्वारा गरिने सकारात्मक विभेद को आवश्यकता किन भनेर सोध्दा १४ जना अर्थात् २८% दलितले रोजगारीको अवसर प्रदान गर्न भनी उत्तर दिएका छन् । यसबाट के प्रष्ट हुन्छ भने, अल्पसङ्ख्यक रूपमा रहेको दलितहरू जो सँग आफ्नो निजी जमिनको अधिकार छैन, उनीहरूको गुजारा चलाउने माध्यम नै रोजगार भएकोले उनीहरूलाई रोजगारको अवाश्यकता रहेको छ । त्यस्तै गरिबी र अशिक्षा उन्मूलन गर्न भनी ११ जना अर्थात् २२% ले उत्तर दिएका

छन् । जातीय भेदभाव हटाउन दलित समुदायको उत्थानका लागि हक तथा अधिकारको लागि भनेर क्रमशः ८ जना अर्थात् १६, ७ जना अर्थात् १४%, ४ जना अर्थात् ८% ले उत्तर दिएका छन् ।

### ५.७ सकारात्मक विभेदको लाभ

सकारात्मक विभेदको बारेमा मात्र सोध्नु अथवा नीति तथा कार्यक्रमलाई लागु गर्नु मात्र पर्याप्त हुँदैन । दलितहरूको लागि भएका तथा गरिएका त्यस्ता विभेदबाट उनीहरूले लाभ उठाएका छन् या छैन भनी मूल्याङ्कन गर्नु पनि अति नै आवश्यक छ ।

यस कारणले यस अध्ययनमा अध्ययन गरिएको क्षेत्रमा, दलितहरूले राज्यद्वारा प्रदान गरिएको यस्ता सुविधा कत्तिको उपभोग गरिरहेका छन् या छैनन् भनी यस तालिका अनुसार देखाइएको छ :

**तालिमा नं. ९**

**सकारात्मक विभेदको लाभ**

| क्र.सं. | राज्यद्वारा प्रदान गरिएको सेवा तथा सुविधाको लाभ प्राप्त भएको | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ३८ | ७६ |
| २ | छैन | १२ | २४ |
| जम्मा | | ५० | १०० |

स्थलगत सर्वेक्षण, २०७० ।

माथिको तालिका अनुसार राज्यद्वारा प्रदान गरिएको सुविधाको लाभ उठाउनेहरूको सङ्ख्या ३८ जना अर्थात् ७६% रहेको छ भने लाभ नपाएका तथा नउठाएका सङ्ख्या १२ जना अर्थात् २४% रहेको छ ।

### ५.८ दलितहरूले प्रयोग गरिरहेको सुविधाहरूको प्रकार

मैले नमुना छनोटमा परेको ५० जना दलितहरूलाई राज्यद्वारा प्रदान गरिएको सुविधाहरू उपभोग गर्न पाएका छन् वा छैनन् भनी सोध्दा ३८ जना अर्थात् ७६ प्रतिशत राज्यद्वारा प्रदान गरिउको सेवा तथा सुविधाको लाभ प्राप्त भएको छ। ती ३८ जनाले कस्ता प्रकारका सुविधाको उपभोग गरिरहेको छन् भनी तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. १०**

**दलितहरूले प्रयोग गरिरहेका सुविधाहरूका प्रकार**

| राज्यद्वारा प्रदान गरिएको सुविधाको प्रकार | सुविधा प्रयोगतकर्ताको सङ्ख्या | सुविधा प्रयोगकर्ताको प्रतिशत |
|---|---|---|
| वैदेशिक रोजगारी | २ | ४ |
| रोजगारी | ३ | ६ |
| छात्रवृत्ति | ४ | ८ |
| कृषि | १५ | ३० |
| अन्य | १४ | २८ |
| कुनै पनि प्रकारका सुविधा प्रयोग नगरेका | १२ | २४ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०।

माथिको तालिका अनुसार राज्यद्वारा प्रदान गरिएको सेवाहरूको प्रयोग ३८ जना अर्थात् ७६ प्रतिशत दलितहरूले गरेको देखिन्छ। जसमा सहकारीबाट न्यून ब्याज दरमा वैदेशिक रोजगारका लागि ऋण सुविधा लिई विदेश गएका २ जना अर्थात् ४ प्रतिशत, आरक्षणबाट ३ जना अर्थात् ६ प्रतिशत रोजगार प्राप्त गरेका छन् भने ४ जना अर्थात् ८ प्रतिशत विद्यार्थीहरूले कलेजमा छात्रवृत्ति पाएका छन्। त्यस्तै गा.वि.स.द्वारा जमिन हुनेलाई उन्नत जातका बीउ प्रदान गरी सहयोग लिनेमा १५ जना अर्थात् ३० प्रतिशत दलित रहेका छन्। अन्य प्रकारको सुविधा जस्तैः वृद्धा भत्ता प्राप्त गर्नेको सङ्ख्या जम्मा १४ जना अर्थात् २८ प्रतिशत रहेको छ भने कुनै पनि प्रकारका सुविधा प्रयोग नगरेका १२ जना अर्थात् २४ प्रतिशत रहेको छन्।

### ५.९ अध्ययन गरिएको क्षेत्रमा रहेको दलितहरूमा गरिने व्यवहार

परम्परागत रूपमा नै तल्ला जाति र माथिल्ला जाति बीचमा असमानता रहेको छ । नेपाली समाजमा पनि दलितहरूले गैरदलितहरूलाई हेर्ने दृष्टिकोणमा विभेद पाइन्छ । जातीय भेदभाव, संविधान, ऐन कानुन बने तापनि समाज भेदभाव मुक्त हुन सकेको छैन । अध्ययन क्षेत्रम दलितहरूलाई गरिने व्यवहारको बारेमा जानकारी तलको तालिमा प्रष्ट पारिएको छ :-

**तालिका नं. ११**

**अध्ययन गरिएको क्षेत्रमा रहेका दलितहरूमा गरिने व्यवहार**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो (मिलनसार) | १२ | २४ |
| २ | नराम्रो (सामाजिक बहिष्कार तथा अपेहेलित | १० | २० |
| ३ | ठीकै | २८ | ५६ |
| जम्मा | | ५० | १०० |

स्थलगत सर्वेक्षण, २०७० ।

माथिको तालिकामा दलितहरूलाई गैरदलितले गर्ने व्यवहारमा केही सुधार आएको देखिन्छ । अध्ययन गरिएको क्षेत्रमा रहेका गैरदलितले दलितलाई कस्तो व्यवहार गर्दछन् भनी प्रश्न सोध्दा १२ जना अर्थात् २४ प्रतिशतले मिलनसार, १० जनाले अर्थात् २० प्रतिशतले सामाजिक बहिष्कार तथा अपहेलित र २८ जना अर्थात् ५६ ले ठीकै भनी उत्तर दिएका छन् । यसबाट के प्रष्ट हुन्छ भने आधुनिकीकरणसँगै समाजमा दलितहरूलाई हेर्ने दृष्टिकोण फरक हुँदै आएको छ । आज भन्दा ५० वर्ष अघि दलितहरूलाई हेर्ने दृष्टिकोण र आजको दिनमा हेर्ने दुष्टिकोणमा धेरै भिन्नता आएको छ । हिजोको दिनमा दलितहरूलाई घरमा छिर्न दिइदैनथियो भने आजको समाज त्यति कट्टर छैन । आजको समाजमा लचिलोपन आई सकेको छ । यदि समाजमा दलितहरूलाई दिने दण्ड कायमै हुँदो थियो त आफ्नो हक तथा अधिकारको लागि आवाज उठाउन सक्दैन थिए होला । तर विद्यमान समाज "छुवाछुत मुक्त राज्य" भइसकेको छ ।

## ५.१० जातीयतामा आधारित भेदभाव विरुद्ध दलितहरूको प्रतिक्रिया

ऐन तथा कानुनमा दलितको स्थिति तथा पहुँचको अवस्था थाहा पाउन दलितहरूमा गरिने भेदभाव विरुद्ध उनीहरूले कुनै प्रतिक्रिया गरेका छन् या छैनन् भनी सोध्दा उनीहरूको उत्तर यस प्रकार थियो :

**तालिका नं. १२**

**जातीयता आधारित भेदभाव विरुद्ध दलितहरूको प्रतिक्रिया**

| क्र.सं. | भेदभाव विरुद्धको प्रतिक्रिया | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गरिएको छ | ० | ० |
| २ | गरिएको छैन | ५० | १०० |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

यहाँ हामी देख्न सक्छौं कि दलितहरूले भेदभाव विरुद्ध कुनै खालका पनि प्रतिक्रिया गरिएको छैन, न त कुनै खालको कानुनी मद्दत नै लिएको पाइन्छ । यसबाट के प्रष्ट हुन्छ भने दलितहरूको ऐन कुननमा अत्यन्त न्यून पहुँच रहेको छ । यसको मतलब उनीहरूको राजनीतिक अवस्थामा अत्यन्त कमजोर रहेको छ भन्ने हुन्छ ।

दलितहरूले कानुनको सहयोग नलिनुको कारण

- दलितहरूको आर्थिक, सामाजिक तथा राजनीतिक अवस्था अत्यन्त कमजोर भएकोले उनीहरूको आवाज दबिएरै रहन्छ ।
- गैर दलितहरूले उनीहरूलाई प्रत्यक्ष रूपमा नभई अप्रत्यक्ष रूपमा भेदभाव गर्दछन् ।
- गैर दलितहरू आफ्नो धर्म र परम्पराको बहाना बनाएर पछि हट्छन् ।
- गैरदलितहरूले कानुनको सहयोग माग्ने गरी भेदभाव गर्दैनन् ।

यहाँ माथिका कारणहरूबाट के प्रष्ट हुन्छ भने दलितहरूको कानुनी तथा राजनीतिक अवस्था अत्यन्त कमजोर रहेको छ । उनीहरूलाई प्रभावकारी ऐन कानुनको समाजमा खाँचो छ । उनीहरूलाई समाजमा समान अधिकार प्राप्त गर्न सरकारद्वारा अझ बढी अवसरहरू प्रदान गरिनु पर्दछ ।

दलितहरूका लागि सकारात्मक विभेदको आवश्यकता

- दलितहरूमा भेदभावपूर्ण व्यवहार समाजबाट मात्र होइन राज्यबाट नै भइरहेको छ । तिनीहरू विभिन्न पक्षमा दलिएका र शोषित भइरहेका छन् । दलितहरूको लागि सरकाद्वारा पनि प्रदान गरिएको अवसर तथा पहुँचबाट पिछडिएका छन् । त्यसकारण दलितहरूलाई शिक्षा तथा अवसर प्रदान गरी समाजको विकासमा ल्याउन सकारात्मक विभेदको आवश्यकता रहेको छ ।

- समाजमा परम्परागत रूपमा चल्दै आएको छुवाछुत, भेदभाव, गरिबी, स्रोतको असमान पहुँच, अवसरको अभावलाई हटाई सकारात्मक पहलद्वारा दलितहरूलाई समान अवसर, शिक्षा, स्रोत तथा साधनमा समानताको संलग्नता छुवाछुत र भेदभाव विरुद्ध आवाज उठाउन मद्दत पुग्नेछ ।

- परम्परागत रूपमा समाजमा जरो गाडेको छुवाछुत र भेदभावलाई समाजबाट जरादेखि हटाउन सकारात्मक विभेदको आवश्यकता छ ।

- दलितहरूलाई समाजमा सम्मानपूर्वक बाँच्न सकारात्मक विभेदको आवश्यकता छ ।

- दलितहरूको हक तथा अधिकारलाई सुनिश्चित बनाउन सकारात्मक विभेदको आवश्यकता रहेको छ । दलितहरूमा विद्यमान गरिबी तथा अशिक्षा उन्मुलन गर्न सकारात्मक विभेदको आवश्यकता छ ।

- समाजमा रहेका दलितहरूलाई उनीहरूको योग्यता अनुसार रोजगारको व्यवस्था मिलाउन सकारात्मक विभेदको आवश्यकता छ ।

- समाजलाई भेदभावरहित बनाई नागरिकहरूलाई समान रूपमा बाँच्न सकारात्मक विभेदको आवश्यकता छ ।

) समाजमा दलितहरूले अहिलेसम्म पनि अमानवीय व्यवहार खेपीरहेका छन् । जसबाट मुक्त पाउन सकारात्मक विभेदले मद्दत गर्दछ ।

यस प्रकार परम्परागत रूपमा पिछडिएका तथा भेदभावपूर्ण व्यवहार खेप्दै आएका दलितहरूलाई समान अवसरको व्यवस्था गर्न सीपमूलक तालिम दिई उनीहरूलाई रोजगारको व्यवस्था गर्न शिक्षामा उनीहरूको पहुँचलाई विस्तार गर्न दलितहरूका लागि सकारात्मक विभेदको आवश्यकता रहेको छ ।

### ५.११ राज्यबाट गरिएको सकारात्मक विभेदबाट परेको आर्थिक प्रभाव

दलित समुदायका मानिसहरू लगभग ५०/६० प्रतिशत गरिबीको रेखामुनी रहेर बाँच्न वाध्य छन् (आचार्य, २०६५) । यी जातिका मानिसहरू सामाजिक, सांस्कृतिक, राजनीतिक क्षेत्रमा मात्र होइन आर्थिक क्षेत्रमा पनि पछि परेका छन् । अतः राज्यद्वारा गरिएका सकारात्मक प्रभावबाट आर्थिक व्यवस्था अत्यन्तै कमजोर रहेका मैले अध्ययन गर्ने क्षेत्र मोरङ्ग जिल्ला उपमहानगरपालीका वडा नं. ५ खार्जी टोलका दलितहरूमा परेको आर्थिक प्रभावका बारेमा र उनीहरूको अवस्थामा के कस्तो सुधार आएको छ भन्ने बारे अध्ययन गर्दा निम्नानुसार देखियो :

**तालिका नं. १३**

**राज्यद्वारा गरिएको सकारात्मक विभेदबाट परेको आर्थिक प्रभाव**

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रोजगारीमा परेको प्रभाव | ३ | ६ |
| २ | बैकिंग तथा सहकारी क्षेत्रमा परेको प्रभाव | २ | ४ |
| ३ | कृषि अनुदान | १५ | ३० |
| ४ | वैदेशिक रोजगारीमा प्रभव | २ | ४ |
| ५ | अन्य प्रकारका प्रभाव परेको | १६ | ३२ |
| ६ | कुनै पनि प्रकारको प्रभाव नपरेको | १२ | २४ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७० ।

माथिको तालिकाबाट अध्ययन गरिएको क्षेत्रको दलितहरूमा राज्यद्वारा गरिएको सकारात्मक विभेदबाट भएको आर्थिक प्रभावको बारेमो प्रस्ट्याइएको छ । राज्यद्वारा प्रदान गरिएको दलितहरूको लागि आरक्षणबाट ३ जना अर्थात् ६ प्रतिशत लाभान्वित भई उनीहरूको आर्थिक अवस्था सुदृढ भएको, स्थानीय सरकारी तथा बचत संस्थाबाट २ जनाले पशुपालनमा ऋण सहयोग लिएको, कृषि अनुदानबाट १५ जना अर्थात् ३० प्रतिशतले फाइदा उठाएको, २ जनाले वैदेशिक रोजगारीका लागि न्यून ब्याजदरमा विना धितो ऋण सहयोग लिएका छन्, अन्य प्रकारका प्रभाव परेका १६ जना अर्थात् ३२ प्रतिशत छन् भने कुनै पनि प्रकारका प्रभाव नपरेका १२ जना अर्थात् २४ प्रतिशत रहेका छन् । यी बाहेक अध्ययन क्षेत्रका दलितहरूले निम्न प्रकारका लाभहरू उठाइरहेको छन् :-

(क) महिला विकास कार्यालयबाट प्राप्त रु. १०,०००।- (दस हजार रुपियाँ) बाट सुरु गरेको महिला बचत कार्यक्रम अन्तर्गत प्रत्येक घर परिवारका महिलाहरू सम्मिलित भई मासिक रु. ५०।- (पचास) जम्मा गरी रु.१२०,०००।- जम्मा गरेको र आवश्यकीय अवस्थामा ऋण लिई आर्थिक आवश्यकता परिपूर्ति गर्दै आएका छन् ।

(ख) बालबच्चा, महिला, गर्भवती महिलाहरूका लागि गाउँघर क्लिनिक अन्तर्गत खोप दिने, भिटामिन वितरण गर्ने, निमोनिया जाँच गरी औषधि दिने, गर्भवती महिलालाई परामर्श, परिवार नियोजन सम्बन्धी सल्लाह, आमा समूहको बेला बेलामा बेठक बस्ने कोर्टिम चक्की वितरण गर्ने (पचास वर्ष मुनिका बच्चालाई कोखा हानेमा दिइने औषधि) सुत्केरी महिलालाई रेखदेख जस्ता निःशुल्क सेवा सल्लाह, औषधि वितरण कार्यले आमा र शिशुको राम्रो हेर विचार पुगेको, बाल मृत्युदरमा कमी आएको, परिवार नियोजन गर्नुपर्छ भन्ने जनचेतनाको विकास भएका कारण बच्चा जन्मदरमा कमी आएको तथा ५ वर्ष मुनिका प्रत्येक बच्चालाई मासिक रु.२०० का दरले रकम प्राप्त हुँदा बालबच्चाको स्वास्थ्य

अवस्था राम्रो देखिएको । बच्चा कम  भएपछि आीर्थक स्थिति सुदृढ हुँदै गएको देखियो ।

यी माथिका बुँदागत विषयवस्तुहरूबाट मात्र त्यस क्षेत्रका दलितहरूको आर्थिक अवस्था सुधार हुन सक्तैन । राज्यले उनीहरूका लागि, सीपमूलक रोजगारी प्राप्त गर्न सहज हुने तालिमको व्यवस्था गरी त्यहाँ उत्पादन भएका वस्तुहरू खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ । घरेलु मालसामान उत्पादन गर्न सक्ने आत्मा निर्भर बनाउन पहल गरी प्रभावकारी रूपमा लागु गर्न पर्दछ । कृषि नै साधन र साध्य हो भन्ने त्यहाँको दलितहरूमा भएको मनोभावनालाई परिवर्तन गरी अन्य आय आर्जनका पेसामा लाग्न प्रेरणा प्रदान गर्दै जानु पर्ने देखिन्छ ।

## ५.१२ राज्यद्वारा गरिएको सकारात्मक विभेदबाट  दलितहरूमा परेको सामाजिक प्रभाव

मोरङ्ग जिल्ला उपमहानगरपालीका वडा नं. ५ खार्जी टोलका रहेको दलितहरू सामाजिक रूपमा मिलिजुली बसेका छन् । चिया पसल तथा सार्वजनिक स्थानमा विना भेदभाव अन्य जाति सरह व्यवहार हुने गरेको । स्कुलमा ,  भेदभाव नराखी बस्न पढ्न पाउने शिक्षण सामग्री वितरणका साथै अन्य कार्य हुने गरेको  । दलितहरूका लागि राज्यबाट दिइएको सुविधा सुलभ रूपमा पाउने गरेको । जनचेतनाको स्तर वृद्धि भई स्वस्थ्य, शिक्षा सम्बन्धमा सजग भएका देखिन्छन् । गर्भवती महिलाको स्वास्थ्य तथा मातृ शिशु सम्बन्धी ज्ञान भएको पाइन्छ । गर्भवती महिलालाई आइरन चक्की वितरण गरी उनीहरूलाई शिशु जन्मेपछि पौष्टिक आहारका लागि ५ वर्ष भन्दा मुनिका बच्चाहरूलाई महिनाको रु. २०० का दरले रकम उपलब्ध गराउने गरेको छ धेरै बच्चा जन्माउनु हुँदैन, विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता गर्नु पर्दछ भन्ने सोचमा विकास भई पञ्जीकाधिकारी समक्ष निवेदन दिई दर्ता प्रमाण-पत्र लिने गरेको । आफ्नो र आफ्ना परिवार प्रति केही गर्नु पर्दछ भन्ने जन जागरण पैदा भएको । नागरिकता लिनु पर्दछ भन्ने सकारात्मक सोचको विकास भएको । छुवाछुत जस्ता कुकृत्य अन्त हुनु/गर्न पर्दछ भन्ने जागृति आएको । देशमा छुवाछुत विरुद्ध र विभेद विरुद्धको कानुन छ न्याय माग्न गएमा न्याय पाइन्छ भन्ने धारणाको विकास भएको । दलितहरू पनि

राज्यका नागरिक हुन्, विकासको मुल प्रवाहमा अगाडि बढ्न राज्यद्वारा दिइएका सेवा सुविधा समतामूलक तरिकाबाट समान रूपमा पाउनु पर्दछ भन्ने जनजागरण आएको देखिन्छ । त्यहाँका दलितहरू सशक्त रूपमा जातीय विभेद न्यूनीकरण र दलित सशक्तीकरण अभियानमा लागेका देखिन्छन् । दलित समुदायको उत्थान र विकास, उनीहरूका हितमा गरिने कार्यहरू स्थानीय निकायबाट सञ्चालन गरिने कार्यक्रमहरूमा दलित प्रतिनिधि रहने व्यवस्था भएको देखिन्छ ।

**तालिका नं.** १४

**राज्यद्वारा सकारात्मक विभेदबाट दलितहरूमा परेको सामाजिक प्रभाव**

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छुवाछुतमा कमी | १२ | १८ |
| २ | अन्तरजातीय विवाह | ० | ० |
| ३ | समान सहुलियत | ५ | १० |
| ४ | स्वास्थ्य सम्बन्धी सहुलियत | ३ | ६ |
| ५ | मातृ शिशु सम्बन्धी ज्ञान | ४ | ८ |
| ६ | सामाजिक सुरक्षा सम्बन्धी ज्ञान | १४ | २४ |
| ७ | समान सहभागिता | ८ | १६ |
| ८ | शिक्षामा समान अवसर | ४ | ८ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७० ।

अध्ययन गरिएको क्षेत्रमा राज्यद्वारा गरिएको सकारात्मक विभेदले समाजमा कस्तो खालको सामाजिक प्रभाव परेको छ भनी प्रश्न गर्दा १२ जना अर्थात् १८ प्रतिशतले छुवाछुतमा कमी आएको, मान सहुलियत प्राप्त भएको छ, ५ जना अर्थात् १० प्रतिशतले समान सहुलियत लिएको, ३ जना अर्थात् ६ प्रतिशतले स्वास्थ्य सम्बन्धी सहुलियत लिएको, ४ जना अर्थात् ८ प्रतिशत मातृशिशु तथा स्वास्थ्य सम्बन्धी ज्ञान र सहुलियत प्राप्त भएको, १४ जना अर्थात् २४ प्रतिशतले सामाजिक सुरक्षा सम्बन्धी ज्ञान भएको, ८ जना अर्थात् १६ प्रतिशतले समान सहभागिताको अवसर पाएको भने ४ जना अर्थात् ८ प्रतिशतले शिक्षामा समान अवसर प्राप्त गरेको व्यहोरा जानकारी प्राप्त भएको ।

माथि लेखिएका सामाजिक प्रभावबाट त्यहाँका दलितहरू छलाङ्ग मारेर अगाडि बढीरहेका छन् । तर त्यहाँ “दलित भित्रका मुसहरहरू” आफैं समूहबाट उत्पीडित छन्, किनकी उनिहरु भित्रनै भेदभाव पूर्ण व्यवहार भइरहेको छ । उनीहरू डर, त्रास आदिका कारणले उजुरीहरू गर्दैनन् । उनीहरू विभेदको शिकार आफैं बनिरहेको हुँदा माथिल्लो जातजातिबाट उनीहरूलाई प्रत्यक्ष नभएर पनि परोक्ष भेदभाव छुवाछुत जस्ता कार्यहरू ज्यूँकात्यूँ छ । सह-कार्य हुन्छ तर सह-भोज भतेर हुँदैन । पुरातनवादी दलित वा अन्य जाति कट्टर छन् । युवा पिँढी केही लचिलो व्यवहार गर्दछन् ।

# अध्याय ६

## सारांस, निष्कर्श र सुझाव

### ६.१ सारांश

त्यस क्षेत्रमा बसोवास गर्ने दलितहरु कहाँबाट आएका हुन् भन्ने आँकडा नभएपनि भारतको बिहार हुँदै आएका भन्ने भनाई बुढापाकाहरुको छ । यहाँ रहेका दलितहरुको पारिवारीक संरचना हेर्दा प्रायः परिवारमा ५ जना सदस्य रहेका छन् । सबै परिवारको किसीम बृहत रहेको छ । यहाँका दलितहरुको खानापानमा रोटी, दाल, भात, तरुवा तरकारी, माछा आदि रहेको छ । सारी चोलो, धोती, कमीज, कुर्ता सुरवाल नै बढी प्रयोगमा आएको देखिन्छ । मृत्यु, विवाह, न्वारान आदि संस्कारहरु परम्परागतरुपमा चलिआएको चलनले नै गर्दछन् । यहाँका दलितहरुले धर्मको रुपमा हिन्दु धर्मलाई नै मान्दै आएका छन् ।

यस वडामा रहेको कुल घरधुरी २२९६ मध्ये १०५ घरधुरी अर्थात ४.५७ प्रतिशत दलितहरु रहेका छन् । जसमा नमूना छनौटको रुपमा ५० घरधुरी अर्थात ४७.६१ प्रतिशत लिइएको छ । अध्ययनको उद्देश्य प्राप्तीका लागि २०-३० वर्ष उमेर समूहमा ७ जना अर्थात १४ प्रतिशत, ३०-४० वर्ष उमेर समूहका २५ जना अर्थात ५० प्रतिशत, ४०-५० वर्ष उमेर समूहका १३ जना अर्थात २७ प्रतिशत र ५० वर्ष वा सोभन्दा माथिका उमेरका ५ जना अर्थात १० प्रतिशतलाई लिइएको छ । उत्तरदाताको शैक्षिक अवस्था हेर्दा १४ जना निरक्षर रहेको छ । यहाँ निरक्षर भनेर जसलाई मौखिक रुपमा साधारण हिसाब राख्न आउँछ तर हस्ताक्षर गर्न आउँदैन त्यस्ता दलितलाई राखिएको छ, त्यस्तै साक्षर २२ जना अर्थात ४४% रहेका छन् । यहाँ साक्षर भनेर साधारण हिसाब किताब राख्ने, लेख/पढ गर्न आउने दलितलाई राखिएको छ । त्यस्तै उत्तरदाताहरु मध्ये कसैले बीचमै पढाई छाडेर काम तिर लागेको

हुँनाले प्राथमिक, माध्यमिक स्तरका पढाई मात्र गरेका क्रमशः ४ र ३ जना रहेका छन् अर्थात ५% र ६% रहेका छन् । उच्च माध्यमिक शिक्षा लिदैँ गरेका ७ जना रहेका छन् अर्थात १४% यस क्षेत्रमा उत्तरदाताहरुको शैक्षिक अवस्था अत्यन्त न्यून रहेको छ । जग्गा जमिन हुनेले खेती गरी र आफ्नो जम्मा जमिन नहुनेले ज्याला मजदुरी गरी आय आर्जन गरी आफ्नो परिवारको पेट पाल्ने गरेका छन् ।

त्यहाँ रहेका दलितहरुलाई राज्यद्वारा गरिएको सकारात्मक पहल विभेदको बारेमा जानकारी भए पनि यसबाट लाभान्वीत हुनेको संख्या भने ३८ जना अर्थात ७६ प्रतिशत रहेका छन् । उनीहरुमा सकारात्मक आवश्यकता छ भन्ने कुराको पनि बोध भएको छ । राज्यद्वारा प्रदान गरिएको दलितहरुको लागि आरक्षणबाट ३ जना अर्थात ६ प्रतिशत लाभान्वीत भइ उनीहरुको आर्थिक अवस्था सुदृढ भएको, स्थानीय सरकारी तथा बचत संस्थाबाट २ जनाले पशुपालनमा ऋण सहयोग लिएका छन्, गा.वि.स द्वारा प्रदान गरेको कृषि अनुदानबाट १५ जना अर्थात ३० प्रतिशतले फाइदा उठाएका छन्, २ जनाले बैदेशिक रोजगारका लागि न्यून व्याजदरमा विना धितो ऋण सहयोग लिएका छन् । जातीय भेदभाव तथा छुवाछुत विरुद्ध कानुन छ भन्ने ज्ञान भएपनि तिनीहरुले आफूलाई गैरदलितले गरिने भेदभाव प्रति कुनै पनि प्रकारको प्रतिकृया देखाएका छैनन् । राज्यका तर्फबाट उपलब्ध सुविधा सामाजिक कार्यक्रम अनुसार वृद्ध, वृद्धा भत्ता, छात्रवृत्ती, सहकारीबाट सामुहिक ऋण, कृषि अनुदान, बाल बच्च भरणपोषण कार्यक्रम अनुसार प्रत्येक ५ वर्ष मुनीका बच्चालाई भरणपोषण वापत प्रति महिना २००।- रुपैँया प्रदान गरिदैँ आएको छ । परिवार नियोजन, गर्भवती महिलालाई मातृशिशु सल्लाह, भिटामीन आइरन चक्क वितरण, महिला स्वयम सेवीकाबाट नियमित सल्लाह जस्ता कार्यक्रमबाट आमा र बच्चाको स्वास्थ्य राम्रो मातृ मृत्युदरमा कमि, परिवार नियेजनको साधनबाट बाल जन्मदरमा कमि भएको छ । त्यहाँका दलितहरुलाई सामाजिक सुरक्षा जस्तै जन्म दर्ता, मृत्युदर्ता गर्ने ज्ञान भएको छ ।

त्यस क्षेत्रमा सबै जात जातिमा भाईचारको विकास भएको देखिन्छ । तर सहभोज भने हुँदैन । गैरदलितहरु पुरातनवादी सोचबाट अझैपनि माथि उठ्न सकेको

छैनन् । छुवाछुत जातपात सम्बन्धमा शिक्षित व्यक्ति र अशिक्षित व्यक्ति बीच फरक मत देखिन्छ । यूवाहरु विभेद उन्मूलन तर्फ देखिन्छन् भने अशिक्षित, पुरातनवादी व्यक्तिहरु भेदभावकै पक्षमा देखिन्छन् । राज्यका तर्फबाट दिइएका सुविधाबाट त्यस स्थानमा दलितहरुको जीवनस्तर केही हकसम्म माथि उठेकै देखिन्छ । जनचेतनाको स्तर पनि बढेकै छ ।

## ६.२ **निष्कर्श**

मोरङ्ग जिल्ला उपमहानगरपालीका वडा नं. ५ खार्जी टोलका मुसहरहरुको आर्थिक, सामाजिक, साँस्कृतिक अवस्था सुधार गरी जीवनस्तर बढाउन राज्यद्धारा गरिएका सकारात्मक विभेद सम्बन्धमा अध्ययनको शिलशिलामा स्थलगत क्षेत्रमा बसोवास गर्ने दलित परिवारहरुसँग प्रत्यक्ष अन्तरवार्ता, जनसम्पर्क समेत भएको थियो त्यहाँका दलितहरुमा शिक्षा नै ठूलो कुरा हो भन्ने जागृती भएको भएता पनि प्राथमिक तह या निम्न माध्यमिक तहमा पढाई छाडेर बाबुआमासँग काममा लगाउने, बालविवाह गराउने, दलित महिलाहरु घरमा बढी खट्नु पर्ने, पुरुषहरु आफ्नो दैनिक छाक टार्न रोजगारी गर्न बाहिर शहर, बजार जाने, महिलाहरुमा पुरुषबाट दमन भएकै भेटियो । परम्परा देखि चलिआएको रितीथिती, जातीय संस्कार, सामाजिक धारणा, मूलमान्यता, प्रचलन आदिका कारण उनीहरु पछाडी परेका छन् भन्न सकिन्छ । राज्यद्धारा दिइएको सुविधा पाएको देखिएता पनि उनीहरुको जीवतस्तरलाई उकास्नको लागि त्यतीले मात्र पर्याप्त छैन । दलितहरु गैर दलितबाट पिडीत त छदैछन्, साथसाथै दलित भित्र पनि जातिय विवाद रहेको छ । त्यहाँका कतिपय दलतहरुसँग आफ्नो निजी जग्गा जमिन छैन । नहरको डील, डगर, खोल्सा छेउ, ऐलानी जग्गामा स-साना घर बनाएर बसेका छन् । तिनीहरुको माग बमोजिम जग्गा दर्ता गरि लालपुर्जा दिन राज्यबाट पहल गरिनु पर्दछ । दलितहरुका लागि पिउने पानीका लागि ट्यूवेल प्रयाप्त मात्रामा छेन । यसबाट स्वास्थ्यकर पिउने पानीको अभाव छ । स्थानीय निकायमा जनप्रतिनिधि विहिन भएका कारण स-साना झगडा, विवाद मिलाउने देखि आफ्ना पिरमर्का पोख्ने र राज्यद्धारा गर्नुपर्ने विकास, दिनुपर्ने अतिरिक्त सुविधा, समावेसी

योजना तय हुन नसकेको कारण त्यहाँ नैराग्यता देखन्छ । दलित आयोग केन्द्रमा छ । दर्जनौ संघ संस्थामा दलितमुखी छन्, तरपनि दलितका धेरैजसो समस्या जस्ताको त्यस्तै रहेका छन् ।

प्रथा भनेको प्रथा हो । त्यहाँका दलित र गैरदलित बीच कुनैपनि प्रकारका व्यवहारक क्रियाकलाप हुँदैन । विवाह पनि आफ्ना आफ्नै जातमा गर्दछन् । त्यहाँका दलितहरुले चिया पसले खोल्ने आँट गर्दैनन् । किनभने त्यो पसल दलित तथा छुन नहुने जातको हो भन्ने थाहा पायो भने त्यो पसलमा गएर चिया कसैले खाँदैन । समाजमा जरो गाडीसकेको छुवाछुत प्रथा कानुनी रुपमा हटाउन सकिन्छ । तर सामाजिक प्रचलन व्यवहार, धार्मिक शास्त्र, नितिगत विभेद, अन्यविश्वास जस्ता गाँठाहरु फुकाउन कठीन छ । जाति प्रथा, हिन्दु समाजको सामाजिक मूल खम्बा हो । करीब ३००० वर्ष पहिले प्रचलनमा रहेको जातीय छुवाछुत, दलित भित्रका दलितहरुमा रहेको आपसी विभेदकारी अवस्था कानुन बन्दैमा छुमन्तर भएर उखेलिदैन । क्रमैसँग दिन प्रतिदिन सरल हुँदै जान्छ । त्यसमा पनि शैक्षिक जनशक्ति बढ्दै गयो भने मात्र नत्र यथा अवस्थामा रहिरहन्छ भन्न सकिन्छ । अध्ययनको क्षेत्रमा दलित र गैर दलित बीचको छुवाछुत विभेद केही सरल भएको देखिन्छ । त्यहाँका मानिसहरुलाई राज्यद्धारा प्रदान गरएको सुविधाको बारेमा ज्ञान भएको पाइयो भने कानुनले छुवाछुत जस्ता अमानविय अपराधलाई दण्ड दिन्छ भन्ने कुराको ज्ञान भएता पनि उनीहरु त्यस्तो अपराधको शिकार प्रत्यक्षरुपमा नभएकोले कानुनको ढोका नखट्खटाएको कुरा भन्छन् । तर पनि उनीहरु आफू शोषित भएको छुँ भन्ने भान भइसकेको छ र उनीहरु शोषण विरुद्ध संघर्ष पनि गर्दै आएका छन् । दलितहरुका पक्षमा वकालत गर्ने दलित आयोग तथा दर्जनौ संघ सस्था छन् तापनि उनीहरुको जीवनस्तर खासै उठ्न सकेको छैन ।

लेनिनले के कुरालाई स्वकिारेका छन् भने जहाँ दमन हुन्छ त्यहाँ स्वतन्त्रा र समानता हुँदैन । त्यसैले सर्वहारा जनवादले शोषकहरु र वुर्जुवाहरु मथि दमन नगर्दा सम्म त्यहाँ स्वतन्त्रता र समानता हुँदैन । अतः त्यहाँका दलितहरुले पनि सामाजिक,

आर्थिक, साँस्कृतक, राजनैतिक अधिकार प्रापत गर्न एकजुट भएर अगाडी नबढेसम्म यथास्थितीवादी सामाजिक व्यवस्थामा सम्भव देखिदैन् ।

## ६.३ सुझाव

वैदिककालमा बेदले व्याख्या गरे अनुसार ब्राम्हण, क्षत्री, वैश्य र शुद्रको उत्पति भएको अनुमान गरिन्छ । वर्ण व्यवस्था त्यहीबाट शुरु भएको हो । प्राचिनकालमा समाजमा छुवाछुत जस्ता विकृतिको उत्पति भएको थिएन् । वैदिककाल, रामायणकाल, महाभारतकालमा कहि न कहि त्यस वखतको र्धशास्त्रहरुमा उत्पीडीत जातिको पहिचान वा परिचय दिँदा शुद्र भनि दिइन्थ्यो । उत्पीडीत जातिको अस्तित्वको पहिचान हिन्दू ग्रन्थहरुले दिँदै आएता पनि मनुस्मृति नितीशास्त्रले राजा, पुरोहितलाई इश्वरसँग तुलना गरेको कारण शुद्रहरुको आर्थिक, सामाजिक अवस्था दयनीय हुँदै गएको देखिन्छ । करीब ३००० वर्ष पहिले शुरु भएर पूर्ण विकसित अवथामा पुगेको छुवाछुत प्रथाा दलितहरुमा देखिएको आर्थिक, सामाजिक कारणबाट उत्पन्न विपन्नता संविधान, ऐन, नियमका किताबमा लेखिदैमा सुधार भएर छु मन्तर गरे जस्तै उन्मुलन भएर जरै देखि उखेली फ्याकेर समुन्नतको ढोकाभित्र आउँदैन । राज्यका तर्फबाट दलितहरुको उत्थानका सम्बन्धमा नीति, कार्यक्रम, बजेट, सामाजिक तथा आर्थिक कार्यक्रम मार्फत आय आर्जन वृद्धि हुने कार्यक्रम ल्याउनु पर्दछ । हाल हुँदै आएका कार्यक्रमहरुले क्रमसँग जीवनस्तर सुधार हुँदै गरीबी न्यूनीकरण हुँदै जान्छ यतिले मात्र पुगेन । गरीबी नहटाई समाज समृद्ध हँदैन । दलितहरुको आर्थिक प्रगति गर्न सामाजिक अवस्थालाई पुनरगठन गरिनु पर्दछ । आरक्षण, रोजगार, शिपमुलक व्यवसायिक तालिम, सुलभ कम व्याजदरमा ऋृण सुविधा जस्ता कार्यक्रमहरु ल्याउनु पर्दछ । शिक्षाको माध्यमबाट जनचेतनाको अभिवृद्धि नभएसम्म उनीहरुको अवस्था ज्यूँकात्यूँ रहन्छ ।

अतः मोरङ जिल्ला उपमहानगरपालीका वाड नं. ५ खार्जी टोलका दलितहरुको आर्थिक, सामाजिक साँस्कृत उत्थान विकास गर्ने राज्यका तर्फबाट भइरहेको सकारात्मक पहल देखिन्छ । तर पनि रोजगार शिपमुलक तालिमप्राप्त नभएकाकारण

शारीरिक श्रम गर्न वाध्य छन् । अतः त्यस स्थानका दलितहरुको जीवनस्र सुधार गर्न निम्न वुँदागत सुझाव प्रस्तुत गरिन्छ :

१. जुनसुकै विषयसँग सम्बन्धित भएपनि कानुनका किताबम लेखिनु र व्यवहाचरमा लागु गरिनु अलग कुरा हुन जस्तै संविधान तथा कानुनले निषेध गरेका निम्न विवरण सामाजिक व्यवहारमा लागु हुन सकिरहेका छैनन् । जस्तै- चिया पसल संचालन गर्न वा अरुको पसल भित्र पस्न, खानेपानी संकलन गर्ने ठाउँमा प्रवेश गर्न खाद्यान्न दुकान संचालन गर्न वा अरुको दोकानमा पस्न, व्यक्तिको घरमा पस्न, गाई, भैँसीको दुध दुहुने स्थानमा जान तथा दुध संकलन र विक्री गर्न, चाड पर्व, भोज भत्तेरमा सहभोज र सहकार्य गर्न, मन्दिर प्रवेश गर्न । हिन्दू धर्म संस्कार अनुसार काज कृया, न्वारान आदि गर्न ब्राम्हण पुरोहित नपाईनु जस्ता विकृतिहरु हटेका देखिएन, त्यस्ता मानवता विरोधी कार्यको अन्त्य हुनु पर्दछ ।

२. दलितहरुको सामाजिक अधिकार प्राप्त गर्ने सवाल, राजनैतिक अधिकार प्राप्त गर्ने सावलसँग सोझै गाँसिएको छ । जातपात, छुवाछुतलाई अन्त्य गर्ने समस्या नेपाली समाजको सामाजिक, आर्थिक पुनरगठनको समस्या हो । त्यसकारण जातिय छुवाछुतको उत्पीडनमा परेका जातिहरुले अन्य आर्थिक, साँस्कृतिक, राजनैतिक सबै क्षेत्रबाट उनीहरुको साथ लागेर अगाडी बढ्नु पर्दछ । शैक्षिक, आर्थिक विषयहरुलाई बढी महत्व दिएर आमुल परिवर्तन कायम गर्ने सम्बन्धि समाजलाई रुपान्तरण गर्ने विषय अब नयाँ संविधनमा व्यवस्था गरिनु पर्दछ ।

३. रोजगारमुलक प्राविधिक तथा उच्च शिक्षामा प्रवेशमा विषेरुपमा निःशुल्क व्यवस्था गरिनु पर्दछ । शैक्षिक विषयलाई बढी महत्व दिएर समाजलाई रुपान्तरण गर्न सकिन्छ ।

४. स्वास्थ्यमा निःशूल्क व्यवस्था गरिनु पर्दछु ।

५. सरकारी सेवामा प्रवेश पाउन “दलित भित्रका दलित” लाई प्राथमिकता दिइनु पर्दछ । आरक्षण व्यवस्था लागु हुनु पर्दछु ।

६. हिनतावोध भएका कारण केहि प्रतिशत दलितहरुले धर्म परिवर्तन गर्ने गरेका ।

७. सामाजिक सुधारका सम्बन्धमा दलित आफैले सुधार गर्नु पर्ने विषय हो । दलित/दलित सबै एक जात हौँ भनि दलित भित्रका सबै दलितहरुले एक आपसमा विवाह, सम्बन्ध, सहभोग गर्नु पर्दछ ।

८. हामी सबै दलित एक हौँ भन्ने भावनाका साथ भाइचारा भातृत्व र प्रेमभाव हुनु पर्दछ । सबै नेपाली दलत मानव जाति हुन । दलित भित्र दलित भन्ने वर्ग छैन । मानविय मूल्य-मान्यताका साथ बाँचेका छौं भन्ने अनुभूति भावना विकसित गरिनु पर्दछ ।

९. त्यस क्षेत्रका दलितहरु डगर, नहरका छेउमा ऐलानी जग्गामा वसोवास गरेका छन् । तिनीहरुका जग्गाको लालपूर्जा पाउने व्यवस्था हुनु पर्दछु ।

१०. शिपमुलक, रोजगारमुलक तालिम तथा परम्परा देखि गरिदँ आएको पुरातनमुखि व्यवसायलाई आधुनिकीकरण गरिनु पर्दछु । जसबाट सहजरुपमा जीवन जिउने आधार तयार होस् ।

११. राजनैतिक क्षेत्रमा तल्लो तह देखि उपल्लो माथिल्लो तहसम्म केहि सिट आरक्षण पर्दछ ।

१२. आर्थिकरुपमा अग्रता हुनु भनेको कुनै पनि समुहको सुख र वैधानिक कारण हो । त्यसैले त्यस क्षेत्रका दलितहरुलाई आर्थिक समानताको मुलधारमा ल्याउने कार्यक्रम जस्तै वाख्रा, बँगुर पालन, सामुहित खेती, तरकारी खेती गर्न विना धितो ३ प्रतिशत भन्दा कम व्याजदरमा कृषि ऋण दिनु पर्दछ । कुनै कारण नोक्सान भएमा क्षतिपुर्ति दिन विमाको व्यवस्था हुनु पर्ने।

१३. राज्यका तर्फबाट रोजगारमुलक कार्यक्रम ल्याइनु पर्दछ ।

१४. त्यस क्षेत्रका दलित एकल महिलाको अवस्था ज्यादै दयनिय छ । आ.ब. ०६८/०६९ देखि विधवा भएकै दिन देखि विधना भत्ताको व्यस्था राज्यले गरेको छ तर त्यतिले मात्र उनीहरुको सहजरुपमा जीवन जिउन सक्ने आधार बन्दैन । अतः अन्य रोजगार तथा शिपमुलक घरेलु तालिम दिई

कच्चा पदार्थ सुलभरुपमा उपलब्ध गराई बनेका सामग्री खरिद गरिने वा विक्री गर्ने बजारको वातावरण मिलाई दिनु पर्दछ ।

१५. समान काम समान ज्याला हुनु पर्ने ।

दलितहरुको जीवनस्तर उकास्न राज्यका तर्फबाट बजेट, नीति, नियम तथा रोजगारमुलक कार्यक्रम, तालिम कच्चा पदार्थ, बजार व्यवस्था आदिको व्यवसथा गर्नु पर्दछ । त्यस क्षेत्रका दलितहरु पहिले आफू त्यस पछि समाज, टोलमा सुधारको पहल आफ्ना तर्फबाट गर्नु पर्ने सम्पूर्ण जिम्मेवारी पुरा गर्न तत्पर रहनु पर्दछ अनि मात्र राज्यका तर्फबाट भएका सकारात्मक पहलका कार्यहरुले मूर्तरुप लिनेछ र जीवनस्तर उकास्न मद्दत मिल्नेछ ।

# सन्दर्भ सूची


आचार्य, स्वस्ति (२०६५), *शोधपत्र* समाजशास्त्र, त्रि. वि. वि. ।

किसान, (२००५), *The Nepali Dalit Social Movement*, Kathmandu : Sangrila Publication ।

किसान, (२०५८) “नेपालका दलित जातिय आन्दोलन” जनउत्थान, प्रतिष्ठान, काठमाडौं ।

किसान, यमबहादुर (२०६७), “दलित र सकारात्मक उपाय” एक्सन एड नेपाल प्रथम संस्करण, काठमाडौं ।

केन्द्रिय तथ्याङ्क विभाग, २०६३ ।

केन्द्रिय तथ्याङ्क विभाग, (२००३) "Statistical Year Book" केन्द्रिय तथ्याङ्ग विभाग, काठमाडौं ।

कान्तिपुर दैनिक, (२०६९) श्रावण ३ कान्तिपुर पब्लिकेशन, तिनकुने काठमाडौं ।

थापा, गोविन्द, विपन्न वर्गको उत्थानका पूर्व शर्तहरु ।

दलित समुदायका समस्या विषयक राष्ट्रिय कार्यशाला गोष्ठी २०५४ ९/२० दलित सेवा, दलत महिला संघ ।

दवाडी, गिरिराज, (२०५१) सुनसरी जिल्ला बबलौटी गा.वि.सका मुसहर जातिहरुको सामाजिक तथा आर्थिक पक्षको अध्ययन ।

दाहाल, डिल्लिराम, (१९७७) “धिमाल लोक जिवन” काठमाडौं : साझा प्रकाशन ।

दलित समुदायको अधिकार, (२०६७) “दलित वर्ग उत्थान जिल्ला समन्वय समिति जि.वि.स मोरङ्ग ।

नेपालको अन्तरीम संविधान, २०६३ ।

नेपाल सरकार राष्ट्रिय दलित आयोग www.ndc.gov.np

पाण्डे, मधुसुदन, (२०६३) “नेपालका दलितहरु” पैरवी प्रकाशन रामशाहपथ, काठमाडौं ।

पाण्डे, मधुसुदन, (२०६४) “नेपालका दलितहरु” पैरवी प्रकाशन, काठमाडौं ।

पराजुली, विश्वकल्याण, (२०५४) नेपालका जातिय छुवाछुत सम्बन्धि समस्या एक चर्चा ।

बराल, बासु, (२०५०) “हिन्दुसामाजिक प्रारुप” साझा प्रकाशन काठमाडौं ।

विष्ट, डोर बहादुर, (२०५५) “सवैजातको फुलवारी” सातौ संस्करण, साझा प्रकाशन, काठमाडौं ।

विश्वकर्मा, दुःखी मिठाराम, (२०६८), “दलित र हाम्रो समाज” ढिकुर प्रकाशन ।

भट्टचन, कृष्ण, (२००३), “इक्जिस्टिङ्ग प्राक्टिस अफ काष्ट भर्सेज वेस्ट अन टचेवेलिटी इन नेपाल एण्ड स्टडिज फर अ कम्पेजन फर इट्स इलिमिनेशन” ।

भट्टचन, कृष्ण तेजसुनार, यसोकान्ती भट्टचन (२००८) “नेपालमा जातिय भेदभाव” ।

भाग ३, मौलिक हक मुलुकी ऐन, २०२० ।

मानवअधिकार प्रश्नउत्तर संगालो, (२०६२) राष्ट्रिय मानवअधिकार आयोग, हरिहर भवन, नेपाल ।

रेग्मी, ऋषिकेशवराज, (२०६५) “एक श्रोत तीन धार” साझा प्रकाशन, काठमाडौं ।

www.ekantipur.com

# परिशिष्टहरु



खार्जी ५ का मुसहर जातिसँग तथ्याक्त संकलन गर्दै



मुसहर जातिका बाल बच्चाहरु पढिरहेको



मुसहर समुदायका व्यक्तिद्धारा संचालित पसल



उक्त मुसहर समुदायका जेष्ठ व्यक्ति